# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३०२ | काठमाडौं | शुक्रबार, १८ फागुन २०८० | Prabhab National Daily | Friday, March 1, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## महत 'सुपर मन्त्री' बनेको आरोप

■ प्रभाव संवाददाता



**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहाल सरकारको मन्त्रीहरूमध्ये सबैभन्दा बढी रुष्ट अर्थमन्त्री डा प्रकाशशरण महतसँग देखिन्छन् । सरकारले काम गर्न नसकेको मुख्य कारण नै अर्थमन्त्री महत देख्छन् दाहाल । कारण, हरेक विकासको योजनामा अर्थ मन्त्रालय धाउनुपर्ने ।

सरकारसँग एथेष्ट बजेट नहुँदा अर्थमन्त्री दाहालले भने बजेटको आकार नै घटाइसकेका छन् । यो विषयमा प्रधानमन्त्री दाहालको असन्तुष्टि देखिन्छ । प्रधानमन्त्री दाहालले यो आक्षेप महतलाई सीधै लगाउन सक्ने कुरै भएन ।

किनभने अर्थमन्त्री सबैभन्दा ठुला पार्टी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका 'दाहिने हात' जस्तै हुन् । यतिमात्र हैन देउवापत्नी आरजु देउवाको दरो साथका कारण पनि महतलाई दाहालले चलाउन सक्दैनन् ।

यही कारण पनि स्वतन्त्र सांसदहरूमार्फत आफ्नो असन्तुष्टि पोख्छन् दाहालले । पछिल्लोसमय प्रधानमन्त्री दाहाल निकट मानिएका अमरेश कुमार सिंह अर्थमन्त्री सुपर मन्त्री भएको आरोप लगाउँछन् । सिंहदरबारस्थित संघीय संसदको कार्यालयमा नियमित धाउने अमरेशले पत्रकारहरूसँग आँफै धाएरै अर्थमन्त्री महतमाथि आरोप लगाउन भ्याउँछन् । 'अर्थमन्त्री त सुपर मन्त्री नै भए नि । उहाँलाई कसैले चलाउनै सक्दैन,' केही अघि प्रधानमन्त्रीका स्वकीय सचिव गंगा दाहालको उछित्तो काढ्दै हिँडेका अमरेश भन्छन् । अहिले अमरेश प्रधानमन्त्री दाहाल परिवारप्रति नरम सुनिन्छन् ।

सरकारका मन्त्रीहरू जसरी पनि फेरबदल गर्नुपर्ने दाहालको मनसाय अमरेशजस्तै पात्रबाट व्यक्त हुन्छ । तर दाहाल निरिह छन् । निर्देशन गर्ने र प्रश्न गर्ने बाहेक केही गर्न सक्दैनन् दाहाल । यद्यपि दाहालले सरकारको अर्धवार्षिक समीक्षामा अर्थमन्त्री महतमाथि प्रश्न गर्न भने भ्याए । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको समीक्षका क्रममा राजश्व संकलन र पुँजीगत खर्च कमजोर रहेको भन्दै अर्थमन्त्रीसँग प्रश्न गरेका हुन् । 'आफैले किटान गरेको लक्ष्यअनुसार उपलब्धि हासिल किन भएको छैन ?' बिहीबार दाहालले प्रश्न गरे ।

चालु आर्थिक वर्ष १४ खर्ब २२ अर्ब राजस्व संकलनको लक्ष्य लिइएकामा सात महिनामा ४० प्रतिशत पनि संकलन भएन । माघसम्मको लक्ष्यको तुलनामा राजस्व ७४ प्रतिशत राजस्व संकलन भएको तथ्यांक छ । पुँजीगत बजेट ३ खर्ब २ अर्ब रूपैयाँ रहेकामा २४ प्रतिशतभन्दा खर्च भएको छैन ।

दाहालले अर्थमन्त्री महत र सचिवहरूलाई कानुनी समस्या देखाएर पन्छिने प्रवृत्ति त्याग्नसमेत निर्देशन दिए । 'पुँजी निर्माण नभइ विकासले गति लिँदैन । अर्थतन्त्र चलायमान हुँदैन । तर पुँजीगत खर्चको अवस्था किन यति कमजोर ?' दाहालको प्रश्न थियो । यसैगरी उनले जनशक्ति नपुगेको, तयारी नपुगेको भनेर पन्छिने प्रवृत्ति पनि राम्रो नभएको जिकिर गरे । 'राजस्व संकलन लक्ष्यअनुसार नहुनु र पुँजीगत खर्च कम हुनुमा हामीसँग चित्त बुझ्दो उत्तर हामीसँग छैन,' दाहालले भने, 'बजेट अभाव भएको,

(क्रमशः पृष्ठ २ मा)

# प्रधानमन्त्री दाहालको छटपटी



- योजनाहरूको काम अत्यन्तै सुस्त, प्रधानमन्त्री रूष्ट
- चालु आर्थिक वर्षमा कुल ३ हजार ४२१ वटा माइलस्टोन योजना छन् । त्यसमध्ये हालसम्म ६३३ मात्र सम्पन्न भएका छन् । जबकि चालु आर्थिक वर्षको ९ महिना बितिसक्यो । २४५ अझै त सुरू नै भएको छैन
- देश विकासको नेतृत्व गर्ने हुटहुटी रहेको बताउने प्रधानमन्त्री दाहाल काम गर्न नसकेर छटपटी

■ जेबी योञ्जन

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहाल गत आम निर्वाचनअघि सुशासन कायम गराउँदै देश विकासको नेतृत्व फेरि एकपटक गर्ने हुटहुटी भएको बताउँथे । नभन्दै कांग्रेस नेतृत्वको गठबन्धन तोड्दै १० पुस २०७९ मा एमालेसँग मिलेर प्रधानमन्त्री भए ।

यसबीचमा अनेकन राजनीतिक उतारचढाव भए । गठबन्धनमा दलहरू हेरफेर भए । तर, प्रधानमन्त्रीका रूपमा दाहाल अविच्छिन्न छन् । संसदीय अंकगणितले निकै कमजोर दलका नेता दाहाल १४ महिनादेखि सरकारको नेतृत्व गरिरहेका छन् ।

उनै दाहाल यतिबेला आफू नेतृत्वकै सरकारको काम गराइप्रति त्यति सन्तुष्ट छैनन् । बिहीबार सिंहदरबारमा उनले चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षाको क्रममा दिएको अभिव्यक्तिले त्यही प्रष्ट्याउँछ । २९ माघमा अर्थमन्त्री महतले बजेट संशोधन गरेका थिए । यसलाई लिएर दाहाल पूरै असन्तुष्ट देखिए । महतले गरेको संशोधनलाई मनोगत भन्न भ्याए । गत श्रावण महिनामा निर्धारण गरिएका लक्ष्यहरूअनुसार काम हुन नसकेको पनि बताए ।

'हाम्रा प्रतिबद्धताहरू अर्को ठाउँमा छन् । हामीले गएको श्रावण महिनामा आफैंले तयार पारेका माइलस्टोनहरू जसरी तोकियो, त्यो त हामीले नै बसेर तोकेको हो', उनले भने, 'त्यतिबेला पर्याप्त वस्तुगत र वस्तुवादी हुन सकेनौं । अलि बढी मनोगत भयो । ती माइलस्टोनहरू अहिले हेर्दा परिमार्जन गर्नुपर्ने, हटाउनु, घटाउनुपर्ने स्थिति देखापरेको छ ।'

सरकारका योजना तथा कार्यक्रमहरू निर्धारण गर्दा वस्तुगत र वस्तुवादी हुन नसकेको टिप्पणी गरे । अर्थमन्त्री डा प्रकाशशरण महतलाई लक्षित गर्दै उनले मनोगत ढंगबाट लक्ष्यहरू निर्धारण गर्दा परिणाम प्राप्त हुन नसकेको पनि धारणा राखे ।

'हामीले जसरी लक्ष्य निर्धारण गर्नुपर्ने हो, त्यो लक्ष्य निर्धारण गर्ने कुरामा पनि मनोगत भएका छौं । यथार्थ धरातलसँग त्यति मिलेका छैनन् भन्ने कुरा देखियो । हामीले माघ मासन्तसम्म सम्पन्न हुनुपर्ने भनेर १ हजार ७ सय ६७ वटा माइलस्टोनमध्ये ३६ प्रतिशतमात्रै सम्पन्न हुनु ५१ प्रतिशत चालु अवस्थामा र १४ प्रतिशत त सुरू नै हुन नसकेको देखियो', दाहालले भने ।

सरकारको चालु आर्थिक वर्षमा कुल ३ हजार ४२१ वटा माइलस्टोन योजना छन् । त्यसमध्ये हालसम्म ६३३ मात्र सम्पन्न भएका छन् । जबकि चालु आर्थिक वर्षको ९ महिना बितिसक्यो । २४५ अझै त सुरु नै भएको छैन । अर्थमन्त्री महतलाई लक्षित गर्दै प्रधानमन्त्री दाहालले कार्य क्षमतामाथि नै प्रश्न उठेको बताए ।

उनका अनुसार माघसम्म कुल राजश्व संकलन वार्षिक लक्ष्यको तुलनामा ३९.९ झन्डै ४० प्रतिशत र माघसम्मको लक्ष्यको तुलनामा ७४ प्रतिशत मात्र संकलन भएको देखिएको छ । अझ पुँजीगत खर्च त २४ प्रतिशत भन्दा कम भएको छ । 'पुँजी निर्माण नभइ विकासले गति लिँदैन भन्ने कुरा सबैलाई थाहा छ । अर्थतन्त्र पनि त्यो स्थितिमा चलायमान हुन सक्दैन', दाहालले भने, 'आफैंले किटान गरेको लक्ष्यअनुसार उपलब्धी किन हासिल हुन सकेन हामीसँग अहिले पनि चित्तबुझ्दो उत्तर छैन ।'

प्रधानमन्त्री दाहाल अर्थसँगै अन्य मन्त्रालयको कार्यप्रगति विवरण देखेर पनि सन्तुष्ट छैनन् । उनकै शब्दमा कामै गर्न नसकेको अवस्थामा उनको सरकार छ । बुधबार सरकारको कार्यप्रगति राम्रो नदेखिनुमा कर्मचारीलाई पनि दोष लगाएका थिए । उनले कुनै पनि योजनाको निर्णय नगर्ने प्रवृत्ति कर्मचारीमा देखिँदै गएको बताएका थिए । यसको अर्थ कर्मचारीको सरकारले पूर्ण सहयोग प्राप्त नभएको भन्ने हो ।

गत १० पुसमा पनि उनले प्रधानमन्त्रीको कूर्सी सम्हालेको एक वर्ष पुगेको दिन राष्ट्रको नाममा सम्बोधन गर्दै सरकारले सोचेअनुरूप परिणाम दिन नसकेको स्वीकारेका थिए । काम गरेर देखाउने हुटहुटी दोहोऱ्याउँदै उनले त्यसबेला नै कार्यसम्पादन कमजोर भएका मन्त्रीहरूलाई हटाउने संकेत गरेका थिए ।

तर, सत्ता गठबन्धनको सबैभन्दा ठूलो घटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा अनिच्छुक देखिएको बताइएको छ । जसले गर्दा उनको मन्त्री हेरफेरको योजना कार्यान्वयन भएको छैन । मन्त्रीहरू र कर्मचारीले राम्रो काम गर्न नसक्दा सरकारमाथि नै प्रश्न उठेको पनि उनले बताउने गरेका छन् ।

बिहीबार चालु आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन समीक्षामा पनि उनको कुरा उस्तै देखिएको छ । यसको कारक अर्थमन्त्री डा. महतदेखि कर्मचारीतन्त्र र राजनीतिक नेतृत्व रहेको भन्दै गुनासो पोखे ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## मलेसियाको श्रम बजारमा नेपालीको उपस्थिति घट्दो

■ प्रभाव संवाददाता



**काठमाडौं-** मलेसियामा सबैभन्दा धेरै आप्रवासी श्रमिक आपूर्ति गर्ने मुलुकमाध्ये नेपाल तेस्रो स्थानमा परेको छ । हाल वैधानिक रूपमा झण्डै तीन लाख ६८ हजार नेपाली श्रमिकले काम गरिरहेको मलेसिया सरकारले जनाएको छ ।

मलेसियाको मानव संशाधन मन्त्रालयलाई उद्धृत गर्दै त्यहाँको सरकारी समाचार एजेन्सी बर्नमाले हाल रोजगारीका लागि ३ लाख ६७ हजार ४ सय ९८ नेपाली श्रमिक रहेको उल्लेख गरेको छ । मलेसियामा आप्रवासी श्रमिकको संख्या २१ लाख २३ हजार रहेको बताउँदै श्रमिक आपूर्ति गर्नेमा नेपाल तेस्रो स्थानमा रहेको जनाइएको छ ।

बर्नमाका अनुसार श्रमिक आपूर्ति गर्नेमा बंगलादेश पहिलो र इन्डोनेसिया दोस्रो स्थानमा छन् । सरकारी तथ्यांकअनुसार ७ लाख ८६ हजारभन्दा बढी बंगलादेशी श्रमिक वैधानिक रूपमा काम गरिरहेको बताइएको छ भने इन्डोनेसियाबाट चार लाख ५० हजार बढी श्रमिक मलेसियामा रहेका छन् । त्यसैगरी मलेसियामा कामदार आपूर्ति गर्ने म्यानमार चौथो र भारत पाँचौं स्थानमा रहेका छन् । मलेसियाले यीबाहेकका अन्य मुलुकहरूबाट पनि श्रमिक आयात गर्ने गर्छ । यद्यपि मलेसियाले ती देशहरूबाट सीमित संख्यामा मात्रै श्रमिक लिने गरेको सञ्चार माध्ययमा उल्लेख गरिएको छ ।

एकताका नेपालीहरूको प्रमुख गन्तव्यको रूपमा रहेको मलेसियाली श्रम बजारको ठूलो हिस्सा नेपाली श्रमिकले ओगटेको थियो । मलेसियामा ६ लाख बढी नेपाली श्रमिक रहेको विभिन्न अध्ययनहरूले देखाएको थियो । कोभिड १९ ले थला परेको मलेसियाको श्रम बजारमा प्रवेश गर्ने नेपालीको संख्या बढ्दो अवस्थामा रहेपनि पछिल्लो समय आप्रवासी श्रमिक भर्ना प्रक्रियालाई निरुत्साहित गर्ने त्यहाँको सरकारी नीतिले थोरै मात्रामा नेपालीले रोजगारीको अवसर पाइरहेका छन् ।

गत आर्थिक वर्ष २०७९/८० मा नेपाली श्रमिकको पहिलो गन्तव्य बनेको मलेसिया चालु आर्थिक वर्षमा चौथो स्थानमा छ । कारण स्थानीय श्रमिकलाई नै रोजगारीमा संलग्न गराउने उद्देश्यबाट मलेसियाले आप्रवासी श्रमिक आपूर्तिमा कटौती गरेको बुझिएको छ । तथापी रोजगारदाताले आप्रवासी श्रमिक ल्याउन पाउनु पर्ने माग राख्दै मलेसियाली सरकारलाई दबाव दिइरहेको बताइन्छ ।

## ठगी गर्नेहरु पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीको लागि विभिन्न मुलुक पठाउने बहानामा रकम संकलन गरी ठगी गर्ने तीन जना पक्राउ परेका छन् । क्रोएसिया, युएईको दुबई र मलेसिया पठाइदिने भन्दै बेरोजगार युवाहरूसँग रकम संकलन गरी फरार रहेको आरोपमा हिराजन पन्त, फरमान हवारी र अस्मिता कार्कीलाई प्रहरीले पक्राउ गरेको हो ।

लमजुङको बेसीशहर नगरपालिका- ११ घर भई हाल काठमाडौं सामाखुसी बस्ने ३२ वर्षीय पन्तले समिर आचार्यलाई वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाई एक प्रतिष्ठित कम्पनीमा प्याकिङको काम लगाइदिने भन्दै मासिक एक लाख ५० हजार रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाई आठ लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पैसा लिएर सम्पर्कविहीन अवस्थामा रहेका उनलाई खोजतलासको क्रममा सामाखुसीबाटै पक्राउ गरिएको बताइएको छ ।

यसैगरी दुबई पठाइदिने बहानामा निरज सेन्चुरीसहित चार जनासँग ११ लाख ६६ हजार रूपैयाँ ठगी गरेको आरोपमा काठमाडौं बनस्थली बस्ने बारा सिम्रौनगढका २६ वर्षीया खत्रीलाई पनि प्रहरीले पक्राउ गरेको छ । उनले पीडितहरूलाई मासिक ७० हजार रूपैयाँ तलब हुने गरी दुबईको एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । यस्तै सिन्धुलीको कमलामाई नगरपालिका घर भई हाल काठमाडौं बस्दै आएकी कार्कीले कान्छा बलसमेत तीन जनालाई मलेसिया पठाइदिन्छु भन्दै दुई लाख १० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# चुँदीरम्घालाई राष्ट्रिय एकताको केन्द्र बनाउन राष्ट्रपतिको जोड



**काठमाडौं।** राष्ट्रपति रामचन्द्र पौडेलले आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घालाई सिंगो नेपालको प्रतिबिम्ब झल्कने गरी राष्ट्रिय एकताको केन्द्र र संसारभरिका नेपाली एकचोटी पुग्नैपर्ने साहित्यिक तीर्थस्थलका रूपमा विकास गरिनुपर्ने धारणा व्यक्त गरेका छन् । भानु साहित्य उद्यानको सहकार्यमा भानु नगरपालिकाद्वारा बुधबार आयोजित भानु साहित्य उद्यानको गुरुयोजना अवधारणापत्र एवम परामर्श कार्यक्रममा बोल्दै राष्ट्रपति पौडेलले उक्त धारणा व्यक्त गरेका हुन् ।

पौडेलले देशका सातै धाम एकै ठाउँमा निर्माण गरेर यहाँ नेपालका नेपाली, नेवारी, मैथिली, भोजपुरी, अवधी, राई, लिम्बु, तामाङ, गुरुङ, मगर इत्यादि सबै भाषाका साहित्यिक प्रतिभाहरूलाई एकै ठाउँमा राखेर कलात्मक र प्राकृतिक सौन्दर्यसहित आर्थिक सहयोग जुटाएर गुरुयोजना अनुरूप भानु साहित्य उद्यान निर्माणको परिकल्पनालाई साकार पार्न लाग्नुपर्नेमा जोड दिए ।

'यसले नेपाली राष्ट्रिय भावनालाई उद्वेलित र उद्दीप्त गराउने छ तथा जीवनमा नेपालीले एकपटक पुग्नै पर्ने साहित्यिक तीर्थस्थल र पर्यटकीय गन्तव्य स्थल बनाउने छ भन्ने मलाई पूर्ण विश्वास छ', राष्ट्रपति पौडेलले भने ।

आदिकवि भानुभक्तको प्रतिमा केन्द्रमा राखेर अन्य भाषाभाषीका आदिकवि, ती भाषाका विशिष्ट साहित्यिक प्रतिभा र आ-आफ्ना मातृभाषामा विशिष्ट रचना गर्ने कविहरूको प्रतिमा स्थापना गरी चुँदीरम्घालाई विभिन्न भाषाका कविहरूको फूलबारी बनाउँदै एउटा विशिष्ट साहित्यिक तीर्थस्थलको रूपमा विकास गर्नुपर्ने उनको भनाइ थियो ।

साहित्यिक तीर्थयात्रीका निम्ति चुँदीबैँसी, भानु स्मृति भवन, रम्घाको डाँडो, नेपाली साहित्यका कवि शिरोमणि लेखनाथ पौडेलको जन्मथलो अर्घौअर्चले, जनकवि केशरी धर्मराज थापाको बाटुलेचौर र लोकगायक अलि मियाको जन्मस्थल कुँडहर हुँदै राष्ट्रकवि माधव घिमिरेको घर पुस्तुन लमजुङ, मानुङ आदि विविध भानुस्मृति स्थलहरू संयोजन गरी एउटा भानु सर्किट बनाउन सकिने र यस सर्किटले भानुभक्तका स्मृतिलाई चिरकालसम्म जीवन्त बनाई राख्ने पौडेलको भनाइ थियो ।

आफूले दार्जीलिङ र सिक्किमको भ्रमणका बेला यस्तो उद्यानको परिकल्पना गरेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले चुँदीरम्घाको डाँडामा सिक्किममा चार धाममा शिवजीको मूर्ति राखे जस्तै ठूलो बाटुलो भवनको धुरीमा भानुभक्तको प्रतिमा राखेर चारैतिर देखिने गरी अर्थात् दक्षिणमा बन्दीपुर, छिम्केश्वरी, पश्चिममा मानुङ, तनहुँसुर, उत्तरमा मिर्लुङकोट र तुर्लुङकोट, पूर्वमा लिगलिग कोट हुँदै गोरखा कालिका र मनकामनाबाटसमेत देख्न सकिने बनाऔँ भनेर यो परिकल्पना अघि सारेको स्मरण गरे । 'नेपालका सात प्रदेश र सो क्षेत्रका सप्त गण्डकीसमेतको प्रतीकात्मक स्थलका रूपमा यो उद्यान तयार हुन सक्छ', पौडेलले भने । विश्वभरिका नेपालीहरूको सुझाव र सहयोग जुटाएर गुरु योजना अनुरूपको निर्माण कार्य गर्न उनले सुझाव दिए । 'यो उद्यान संसारभरि छरिएका नेपालीहरूले जीवनमा एक पटक पुग्नै पर्ने साहित्यिक तीर्थस्थल र भावनात्मक रूपले नेपाली राष्ट्रिय एकता केन्द्र बन्ने गरी यसको निर्माण होस् भन्ने मेरो सदिच्छा छ', उनले भने ।

कार्यक्रममा सांसदहरू प्रदीप पौडेल, कृष्णकुमार श्रेष्ठ "किसान", शिशिर खनालले धेरै भन्दा छरितो संरचना, डिजिटल र प्रविधिमैत्री प्रस्तुतिहरू राखेर यसलाई एउटा आकर्षक स्थलका रूपमा विकास गरि नुपर्नेमा जोड दिए । भानु नगरपालिकाका मेयर आनन्दराज त्रिपाठीले नगरपालिकाले यस सम्बन्धमा गरेका काम तथा योजना, समितिका उपाध्यक्ष डा व्रतराज आचार्यले भानु साहित्य उद्यानको गुरुयोजना अवधारणापत्र र महासचिव काशीराज आचार्यले विषयवस्तुबारे प्रकाश पारेका थिए । कार्यक्रममा डा वासुदेव त्रिपाठी, रमा शर्मालगायतका साहित्यकार, विभिन्न प्रतिष्ठानका उपकुलपति, प्राज्ञलगायतले भानु साहित्य उद्यानका विविध पक्षबारे प्रकाश पारेका थिए ।

## पृष्ठ १ बाट क्रमशः

### महत...

तयारी नपुगेको, जनशक्ति नपुगेको कानुनी समस्या देखापरेको भनेर कहिलेसम्म पन्छिरहने ?'

दाहाल रुष्ट बनेपनि अर्थमन्त्रीलाई चलाउन सक्ने अवस्थामा छैनन् । कारण बैशाखको लगानी सम्मेलन । वैदेशिक लगानी भित्रिन नसकेको अवस्थामा सरकारको आह्वानमा बैशाखको ९ र १० गते लगानी सम्मेलन हुँदैछ । तर सरकारको तयारी केही छैन । फागनु सकिनै लाग्दा पनि तारतम्य मिलाउने कुनै सरकारी निकायको गठन पनि हुन सकेको छैन ।

आफ्नै मन्त्रीसँग रुष्ट प्रधानमन्त्री दाहालले यसअघि पुस १० मा जनताको नाममा सम्बोधन गर्दै सरकारको कार्यशैली बदलिने घोषणा गरेका थिए । जसअनुसार उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट केही सचिवसहित ६८ जना कर्मचारीको कटौति गर्ने घोषणा गरेका थिए । कर्मचारी कटौतिको जिम्मेवारी प्रधानमन्त्री कार्यालयका सचिव गणेश पाण्डेले पाएका छन् । तर दुई महिना बित्दा पनि प्रधानमन्त्री दाहालको उद्घोषको कुनै सुनुवाई हुन सकेको छैन। तैपनि प्रधानमन्त्री दाहाल भने यसबारे मौन देखिन्छन् ।

■■■

### प्रधानमन्त्री

'सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा नयाँ संकल्पको साथ यो क्याबिनेटले जसरी काम गर्नुपर्छ भनेर जोडतोडले उत्साहको साथ अगाडि बढेका थियौं । एकवर्षसम्म मोटामोटी ढंगले हामी ठीकठीकै ढंगबाट जान्छौं भन्ने नै थियो । तर, अहिले यो समीक्षासम्म आउँदा मेरो बेचैनी बढेको छ । काल पर्खिने खालको सरकार त हुन हुँदैन हाम्रो । जनतालाई सेवा र विकास निर्माणको दृष्टिले पनि नयाँ गरेर परिणाम देखाउँछौं भन्ने प्रतिवद्धता र संकल्पले अघि बढेको हो । तर, यहाँ आउँदा चाहिँ परिणाम त्यस्तो भइरहेको छैन', दाहालले भने ।

उनले परिस्थिति जटिल र चुनौतीपूर्ण रहेको पनि बताए । कर्मचारीप्रति संकेत गर्दै उनले जिम्मेवारी पन्छाएर राज्यलाई क्षति भए सोही व्यक्तिलाई क्षतिपूर्ति भराउने प्रणाली आवश्यक हुनुपर्ने औंल्याए । निर्णय नलिएकै र पन्छाएकै कारणबाट मुलुकलाई कति हानि-नोक्सानी वा क्षति हुनसक्छ भन्ने मूल्यांकन गर्ने प्रणाली स्थापित गर्नुपर्ने पनि बताए ।

'मैले बारम्बार जोड दिँदै आएको छु, प्रचलित ऐन, नियमको परिधिभित्र रही निर्णय गर्न कसैले हिचकिचाउनु हुँदैन र पर्दैन पनि', दाहालले भने, 'कुनै पनि सार्वजनिक पदाधिकारीले असल नियतले गरेको निर्णयको बनावट गर्न र त्यस्तो कर्मचारीको संरक्षण गर्न म सदैव प्रतिबद्ध छु । तसर्थ सोहीबमोजिम गतिशील र सृजनशील भूमिका निर्वाह गर्न तत्पर रहनुहोला ।'


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/१८

यस कम्पनीको मिति २०८०/०२/२३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **निड्स कन्चनपुर (मु.वि. नगर्ने नं. २९२३८५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **निड्स फाउण्डेशन** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०१/१७ मा दर्ता भएको **प्रा.लि. नं. ११२०४९** को **सिटी एजुकेशन फाउण्डेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति:** २०८०/११/१८

श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०७९/०८० को C1S3 मा गरिएको पुनरूत्पादन कटान, सबै कम्पार्टमेन्टमा गरिएको दलापडा संकलन कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको टिकुलीपुर स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात असना, खयर, ददवदे, धौटी, जामुन, सिसौं, बर्रो, कर्मा, ददवे आदी जातको काठ थान १६४३ को परिमाण १०५३८.३७४ क्यु.फिट र दाउरा साल जातको ९.७५ र अन्य जातको २३ चट्टा गरि दाउरा जम्मा ३२.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, टिकुलीपुर बाँके**



## कतारमा रोजगार — BUTTONS PLAYER, QATAR

पुर्व स्विकृति मिति: 2080.11.17 चलानी नं. ६०२१५७१८ LT No. 300816

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sewing Worker | 3 | काममा दक्ष | 1200 | 43741 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Embroiderer | 2 | काममा दक्ष | 1200 | 43741 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०८० फागुन २५ गते (08 March. 2024) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PENTA GLOBAL ENGINEERING CONTRUCTION COMPANY LLC

पुर्व स्वीकृति मिति : २०८०/११/१७ LT. No. 300842 चलानी नं. : ६०२१५७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanical Helper | 25 | 0 | 800 | २८,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shivam International Manpower Services Pvt. Ltd**
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: shivamintlmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZENITH EAST GENERAL CONT.CO

पूर्व स्वीकृति मिति २०८०/११/१६ LT. No. 300735 चलानी नं. ६०२१५६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1200 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIBERTY GRAND

पूर्व स्वीकृति मिति २०८०/०२/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ LT. No. 287507 चलानी नं. ६०२०२९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 15 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAEFER SAUDI ARABIA CO

पूर्व स्वीकृति मिति २०८०/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ LT. No. 296420 चलानी नं. ६०२११४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 99 | 0 | 1000 | ३५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९/३० गते (12/13 Mar. 2024) मा हुनेछ ।
सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रनिङ सेन्टरमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, बिर्तामोड प्राविधिक केन्द्रमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIGENIUS PRINT SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ LT. No. 286900 चलानी नं. ६०२०२५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 2 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gurung Management Overseas Pvt. Ltd.**
Govt. License 404/060/061
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np
Website : www.gurungoverseas.com.np



## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : टि.ई. कनेक्टिभिटि अपरेशनस एस. डिएन. बिएचडि शहर : पेनाङ्ग, मलेसिया
COMPANY: TE CONNECTIVITY OPERATIONS SDN BHD City : Penang, Malaysia

| Pre Approval Date : 2024/02/28 | चलानी नं. ६०२१५६९७ | एल टि न. ३००७५२ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८०/११/१६ | Invoice No. 60215697 | LT. No. 300752 |

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1500 | ४२,००० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant to not use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.

चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौ । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Passport expenses राहदानी शुल्क | Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने बिमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
यो शुन्य लागत अन्तर्गत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोर्ने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोर्नुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा , जमिन पशु चौपाय लिइने छैन ।
- QR vaccination certificate required.
QR खोप प्रमाण पत्र आवश्यक छ ।

नोट: विदेश नगएका नयाँ व्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ । पहिला आउने पहिलो प्राथमिकता अन्तर्गत प्रारम्भिक छनोट गरी फर्म वितरण गरिनेछ । आवेदन दिन आउँदा SLC वा +2 उतिर्ण गरेको मार्कसिट सहित उपस्थित हुनु पर्नेछ ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9802074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८०२०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

# काठमाडौंका स्मारकको चिनारी अब 'क्युआर कोड'मा

**काठमाडौं (प्रसं)-** काठमाडौं महानगरअन्तर्गत वडा नं. १ भित्रका विभिन्न स्मारकबारे जानकारी क्युआर कोडमार्फत लिन सकिने भएको छ । वडा कार्यालयले ती स्मारक घुम्न आउने पर्यटकलाई लक्षित गर्दै विभिन्न १० भाषामा अडियो सुन्न सक्ने गरी सम्पदा क्षेत्रमा क्युआर कोड राखेको हो ।

पहिलो चरणमा वडाभित्र रहेका नन्दीकेशर मन्दिर, शंकरकीर्ति महाविहार र नक्साल भगवती मन्दिरको चिनारीसम्बन्धी जानकारी दिने क्युआर कोड राखिएको वडाध्यक्ष भरतलाल श्रेष्ठले जानकारी दिएका छन् । सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेका स्मारक घुम्न आउने आगन्तुकहरूले सजिलै जानकारी पाउन सकुन् भनेर वडाले प्रविधिको प्रयोग थालेको उनले बताए । क्युआर कोडमा नेपाली, अंग्रेजी, जर्मन, हिन्दी, फ्रेञ्च, चाइनिज,



कोरियन, स्पेनिस, जापानिज, अरेबिक गरी १० भाषामा अडियो सुन्न सकिन्छ ।

'अहिले घुम्न आउने जसले पनि स्मार्ट फोन बोकेको हुन्छ । क्युआर स्क्यान गरेपछि मन्दिरको प्राचीन इतिहास, यससँग सम्बन्ध जोडिएका जात्रा पर्व, सामाजिक तथा धार्मिक संस्कारलगायत विषय जान्न कसैलाई सोध्नु नपरोस् भन्ने हाम्रो चाहना हो,' वडाध्यक्ष श्रेष्ठले भने ।

वडा सदस्य रसला तण्डुकारका अनुसार वडाभित्र चारवटा प्राचीन ढुंगेधारा छन् । यस्तै नागपोखरी, हिटी पोखरी, चतुर्भुज नारायण, गोमा गणेश, नन्दीकेशर बगैँचा, हरिहर नारायण (आधा विष्णु आधा शिव), साइ केन्द्र, सोराहिटी (तीनधारा), जमल विहार, लालगणेश जस्ता प्राचीन सांस्कृतिक सम्पदा छन् । यी सम्पदाको प्रवर्द्धनका लागि क्युआर कोडमार्फत काम थालिएको हो ।

'ठमेल, दरबारमार्ग घुम्न आउने पर्यटकहरू वडा नं. १ का विभिन्न मन्दिर, ढुंगेधारा, महाविहारजस्ता सम्पदा क्षेत्रमा आउनुहुन्छ,' वडासचिव सर्वज्ञराज पौडेलले भने, 'उहाँहरूलाई स्मारकका बारेमा जान्न सजिलो होस् भनेर प्रयोगका रूपमा हामीले अहिले दुईवटा मन्दिर र एउटा महाविहारको चिनारी क्युआर कोडमा राखेका हौं । यसको पृष्ठपोषण हेरेर थप कामको योजना बनाउने छौं ।'

# कामपाका दुई लाख करदाताले तिर्दैनन् नियमित कर

**काठमाडौं-** काठमाडौं महानगरपालिकामा करिब दुई लाख करदाताले नियमित कर नतिर्ने गरेको पाइएको छ । कामपामा दर्ता भएका करदाता तीन लाख १२ हजार भए पनि दुई लाखले नियमित कर नतिर्ने बताइएको छ ।

लामो समयदेखि दर्ता प्रक्रियामा नै नआएर कर तिर्नका लागि आलटाल गरिरहेका करदातालाई नियमअनुसार समावेश गर्नका लागि कामपाले वडास्तरीय अनुगमन गरी नियमसंगतरूपमा ल्याउने तयारी गरेको कामपा राजस्व विभाग जनाएको छ । यसरी कर तिर्नका लागि आलटाल गर्नेमा सबैभन्दा धेरै बहाल करमा करिब एक लाख करदाता रहेका छन् । त्यस्तै व्यवसाय कर, मनोरञ्जन कर र विज्ञापन करमा एक लाखको हाराहारीमा रहेको कामपा राजस्व विभागका प्रमुख ध्रुव काफ्लेले जानकारी दिए । उनका अनुसार दर्ता प्रक्रियामा नआएका सबै शीर्षकका करदातालाई नियमअनुसार बनाउनका लागि यसै महिनादेखि कामपाको ३२ वटै वडाबाट नियमित अनुगमन गरी प्रक्रियामा ल्याउने तयारी कामपाको रहेको छ ।

कामपामा कर तिर्नका लागि दर्ता प्रक्रियामा आएका तर नियमित कर नबुझाउने करदाताबाट पनि दुई अर्ब रूपैयाँ बक्यौता असुल गर्न बाँकी रहेको प्रमुख काफ्लेले जानकारी दिए । उक्त रकम विगत १२ वर्षदेखिको रहेको कामपाको भनाइ छ । दर्ता गरेर पनि नियमअनुसार कर नतिरेका करदाताका लागि कामपाले चालु आर्थिक वर्षको साउन महिनादेखि पुस मसान्तसम्म तिर्नुपर्ने रकममा केही छुट दिएको थियो ।

सोही अवधिमा दर्ता प्रक्रियामा रहेको केही करदाताले कर तिरेका भए पनि अझै धेरै करदाताले तिर्नका लागि आलटाल गरिरहेका छन् । दुई वर्षअघि पनि कामपाले २८ वर्षदेखिको बक्यौता रकम असुल गर्न भन्दै त्यस्ता करदाताको नाम नै सार्वजनिक गरेको थियो । उक्त समयमा घरजगगा र सम्पत्ति कर नतिर्ने ठूला करदाताको नाम सार्वजनिक गरेसँगै सम्पर्कमा आउने र बक्यौता तिर्ने क्रम बढेको भए पनि अहिले बक्यौता तीर्ने क्रम ठप्पजस्तै रहेको काफ्लेको भनाइ छ ।

चालु आवका लागि जम्मा १० अर्ब ८० करोड रूपैयाँ वार्षिक लक्ष्य लिएको कामपाले चालु आर्थिक महिनाको अवधि पार गरिसक्दा पाँच अर्ब ८० करोड ५१ लाख ९० हजार रूपैयाँ राजस्व असुल गरेको छ । चालु आवको अर्धवार्षिक अवधिसम्म कामपाको राजस्व संकलनको अवस्था राम्रो रहे पनि पछिल्लो माघ महिनामा कामपाको आम्दानी अन्य महिनाको तुलनामा घटेको छ । *रासस*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRICK HOUSE SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/११/१६ | LT. No.300731 | चलानी नं. ६०२१५६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम इजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOJOUM SADEER CONTRACTING COMPANY ,RIYADH

पूर्व स्वीकृति मिति २०८०/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१७ | LT. No.295993 | चलानी नं. ६०२११०१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN DIAMOND BLAKSMITHING AND ALUMINUM COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ | LT. No. 295103 | चलानी नं. ६०२१०१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Smith | 2 | 0 | 1200 | ४२,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MATANG MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/११/१७ | LT. No. 300734 | चलानी नं. ६०२१५६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Govt. License 1503/074/75

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAS PALMAS BEAUTY SALON FOR LADIES .

पूर्व स्वीकृति मिति २०८०/१०/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ | LT. No.299850 | चलानी नं. ६०२१४७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage Therapist | 0 | 5 | 150 | ६४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pedicure Manicure | 0 | 5 | 150 | ६४,५९० | | | | | | | |

कम्पनी : EDIFICE OF KUWAIT GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१७ | LT No. 300786 | चलानी नं.६०२१५६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Technician | 1 | 0 | 160 | ६८,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 160 | ६८,८९५ | | | | | | | |
| 3 | Heavy Driver | 2 | 0 | 150 | ६४,५९० | | | | | | | |
| 4 | Light Driver | 2 | 0 | 135 | ५८,१३० | | | | | | | |
| 5 | Tailor | 1 | 0 | 140 | ६०,२८५ | | | | | | | |
| 6 | Welder (Black Smith) | 3 | 0 | 180 | ७७,५१० | | | | | | | |

कम्पनी : SEHRDEMASHQI ART LADIES BEAUTY SALON AND INSTITUTE CO.

पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT No. 300785 | चलानी नं.६०२१५६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 1 | 100 | ४३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 2 | 150 | ६४,५९० | | | | | | | |
| 3 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,५९० | | | | | | | |
| 4 | Salon Staff | 0 | 2 | 150 | ६४,५९० | | | | | | | |

कम्पनी : ATRIA WELLNESS SPA SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT No. 300787 | चलानी नं.६०२१५६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 1 | 100 | ४३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 4 | 150 | ६४,५९० | | | | | | | |
| 3 | Massagist | 0 | 2 | 150 | ६४,५९० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 150 | ६४,५९० | | | | | | | |

कम्पनी : LAYALI AL-MALAKI RESTAURANT AND CAFE CO.

पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT No. 300788 | चलानी नं.६०२१५६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 0 | 130 | ५५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Casher | 5 | 0 | 140 | ६०,२८५ | | | | | | | |
| 3 | Kitchen Tools Cleaner | 5 | 0 | 100 | ४३,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047

Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOFA AL- JAZEERAH FOR CONSTRUCTION EST.

पूर्व स्वीकृति मिति : २०८०/११/१७ | LT. No. 300765 | चलानी नं. ६०२१५६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787

Mbl N. 9843103248, 9841093498, 9840747493

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAGATELLE DISTRIBUTION LTD

पूर्व स्वीकृति मिति : २०८०/११/१७ | LT. No. 300729 | चलानी नं. : ६०२१५६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operators | 20 | 0 | 15000 | ४३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Makers | 5 | 0 | 15000 | ४३,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ३०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**

श्रम ईजाजत नं. १५३१/०७८/०७९

Bijay Chowk-9 Kathmandu , Nepal

Phone: +977-1-4481066

Email: maxecenter@gmail.com /www.maxecenter.com


बागमती प्रदेश सरकार

खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय

## जलस्रोत तथा सिंचाई विकास डिभिजन, काभ्रेपलान्चोक

धुलिखेल, काभ्रेपलान्चोक

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/११/१८

यस कार्यालयबाट मिति २०८०/०९/२९ गते तपशिल बमोजिमको खरिद कार्यको लागि विद्युतीय बोलपत्र आह्वान गरी नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्धारित म्याद भित्र रितपूर्वक दाखिला हुन आएका तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकाले मूल्यांकन समितिबाट सिफारिस भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | खरिद कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने.रु. (P.S. र मु.अ.क. बाहेक) |
|---|---|---|---|
| SIP/NCB/WRIDDKAVRE/01/2080/81 | Construction of Canal & Canal Structures in Shikhartar Irrigation Project, Roshi RM-3, Kavre | M/S Buddha Nirman Sewa, Mahalaxmi, Lalitpur | 50,59,546.50 |
| TKNIP/NCB/WRIDDKAVRE/02/2080/81 | Construction of Sump Well, Pump House, Pipe Line, Reservoir Tank & Electrification Works in Thilwarpari Thilwar Roshi Khola Lifting Irrigation Project, Temal RM-5, Kavre | M/S Abhinandan & Suppliers, Tinkune, Kathmandu | 99,53,755.35 |
| KLIP/NCB/WRIDDKAVRE/03/2080/81 | Construction of Intake, Pump House, Pipe Line, Reservoir Tank & Electrification Works in Roshi Khola Dekhi Kaldhar Samma Irrigation Project, Temal RM-7, Kavre | M/S Bhairawi Engineering Pvt. Ltd., Teku, Kathmandu | 98,66,744.15 |
| PIP/NCB/WRIDDKAVRE/04/2080/81 | Construction of Headworks and RCC Canal in Pipaltar Irrigation Project, Namobuddha-8, Kavre | M/S Sankalpa Builders, Changunarayan-8, Bhaktapur | 27,02,516.72 |

डिभिजन प्रमुख

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### असफल बन्दै सरकार

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार क्रमश असफलतातिर अघि सरेको छ। प्रधानमन्त्री र मन्त्रीहरूको मैमत्ता समीक्षाले सरकार असफलतातिर अघि बढेको पुष्टि हुन्छ । अर्थमन्त्री डा प्रकाशशरण महत प्रधानमन्त्रीलाई सल्लाहै नगरी बजेट कटौति गर्ने, अर्थमन्त्रालयमा समीक्षा समारोह गर्ने, प्रधानमन्त्री दाहाल पनि एकपछि अर्को काम असफल हुँदै गएपछि आफै पत्रकार सम्मेलन गरेर कर्मचारीलाई दोष लगाउने ।

अरु मन्त्रीहरूले पनि प्रशासनलाई दोष लगाउँदै पन्छिने। काम गर्न सकेन भनेर प्रधानमन्त्रीले सचिवहरूलाई दोष लगाइरहने । यसअघि प्रधानमन्त्री दाहालले निर्देशन दिने काम गर्थे। बिहीबार भने सरकारको अर्ध वार्षिक समीक्षा गर्दै दाहालले कर्मचारीहरूमा निर्णय गर्ने क्षमता नै नदेखिएको तर्क गर्न भ्याए।

खासमा प्रधानमन्त्री दाहाल कमजोर बन्दै जानुको मुख्य कारण हो हरेक काममा आफै अघि बढ्नु र जस पनि आफै लिन खोज्नु । सरकारको नेतृत्व लिइरहेको व्यक्तिले हरेक काममा आफै हात हाल्ने होइन । सरकारमा हरेक मन्त्रालय सम्हाल्नेगरी मन्त्री तोकिएका हुन्छन्। अहिले केही मन्त्रालयमा राज्यमन्त्रीसमेत छन्। २१ मन्त्री र ३ राज्यमन्त्रीलाई जिम्मेवारी दिएपछि उनीहरूबाट रिपोर्ट लिने र उनीहरूलाई अप्ठ्यारो परे समन्वय गर्ने काम प्रधानमन्त्रीको हो । तर प्रधानमन्त्रीले यो अवधिमा के समन्वय गरे ? जसकारण मन्त्रीहरूबाट काम बनोस् अनि कर्मचारीबाट प्रगति ।

अविश्वासको खाडल बढाउँदै जाँदा प्रधानमन्त्री दाहालको तेस्रो कार्यकाल अधिक असफलतातिर बढेको छ। उनका निकट पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले समेत दाहाललाई लोकले सम्झने खालको काम गर्न सुझाएका छन्। तर दाहाल यस्तो नीतिमा अघि सर्ने देखिन्न। उद्घाटनका कार्यक्रममा कम जाने भनेर प्रतिबद्धता जनाएका दाहालको उद्घाटन मोह चुलिँदो छ। निर्देशन र प्रश्नहरू गर्नेमा रेकर्ड कायम गरेका छन्।

शक्ति सन्तुलनको नाममा सहयात्री दलहरूसँग निहुँ खोज्दै यो सरकारको कार्यकाल टुंगिने संकेत उत्तिकै बढ्दो छ। दाहालले कांग्रेसलाई तर्साउन कहिले एमालेतिर ढल्कन्छन् भने कहिले एमालेलाई तर्साउन कांग्रेसतिर ढल्कन्छन् । जसका कारण मन्त्रीहरूलाई पनि चैन छैन। कुन बेला पद चट् हुने हो भन्ने डर मन्त्रीहरूलाई उत्तिकै छ। दुई दिने मन्त्री भन्दै कर्मचारीले नटेर्ने त पहिलेदेखिकै नियति हो। प्रधानमन्त्री दाहाल आफै हेरफेरको चेतावनी दिइरहन्छन्। जसका कारण मन्त्रीले स्थायी बनेर काम गर्न नसकेको हो। यो विषय प्रधानमन्त्रीले बुझ्नु जरुरी छ। सरकार सफल बनाउने हो भने मन्त्री र सचिवहरूलाई विश्वासमा लिएर प्रोत्साहन दिन थाल्नुस् । नभए आफै काम गर्न खोज्दाको परिणाम असफलता नै हो प्रधानमन्त्रीज्यू ।

## मननयोग्य

### चाणक्य नीति

अन्ततः कौमुदी उत्सव पनि आयो । भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो । प्रत्येक हाट, प्रत्येक दुकानदार बढाई चढाई सजावट गर्दथे । नगरसेट आफै सोमदेवलाई निमन्त्रणा दिन आउँथे ।

उत्सवको सबै तयारी पूरा भयो । राजमहलको भव्यताल इन्का दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो । सबैतिर चहलपहल थियो । रंगीविरंगी वस्त्रमा सिँगारिएका दास-दासीहरू सबै आफू आफूमा नै व्यस्त थिए ।

आजको सभा राजमहलदेखि बाहिर विशाल आंगनमा मखमली रंगीन सामियानले सुसज्जित बनाइएको थियो, ठूलाठूला तोरण, बीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो । दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा बसेका थिए ।

यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट चन्द्रगुप्त दरवारमा सवारी हुँदैछ ।

सबै अतिथि आदरसाथ आसनबाट उठे। प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले । बिगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक बनाएको थियो । चन्द्रगुप्त आसनमा बसे । नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए । सबैतिर स्तब्ध वातावरण थियो ।

चन्द्रगुप्त र अन्य सबै उपस्थित समूह चाणक्यका यी शब्दले आश्चर्यचकित भए । उता राजा पर्वतकको प्रसन्नताले हर्षको सीमा रहेन । उनले नमानी नै सर्वस्व प्राप्त भएजस्तो ठाने ।

चाणक्यले सभाविसर्जनको संकेत दिदै चन्द्रगुप्तलाई साथ लगाई गोप्य घरमा लगे ।

यता चन्द्रगुप्त खिन्न थिए। उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए । जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो ।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले धएकैपटक हसेजस्तो भयो। राजा संज्ञाशून्य भए (अर्थात् राजाको प्राण गयो ।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे। मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् । क्रमशः

# 'न्याम्सबाट वीर अस्पताललाई छुटचाउनु हुँदैन'

वि.सं. १९४७ मा स्थापना भएको वीर अस्पताल नेपालको सबैभन्दा पुरानो अस्पताल हो । सुरुमा पाँच कर्मचारीसहित सात शय्याबाट सुरु भएको यस अस्पतालले देशको आवश्यकताअनुसार बिरामीलाई स्वास्थ्य उपचार सेवासँगै विभिन्न तहका स्वास्थ्यकर्मीलाई चिकित्सा शिक्षा प्रदान गर्दै आएको छ । चिकित्सा शिक्षाको अभाव पूरा गर्ने उद्देश्यले २०५९ सालमा बनेको अवधारणाका आधारमा ल्याइएको अध्यादेशबाट २०६० चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) को स्थापना भएको थियो । २०६३ सालमा न्याम्सको अलग्गै ऐन बनेपछि यसको सञ्चालन हुँदै आएको छ । त्यो हिसाबले स्थापना र सञ्चालनमा आएको २० पूरा भएको छ । यसबीचमा सरकारी चिकित्सकलाई तालिम प्रदान गर्ने र दुर्गम क्षेत्रका सरकारी स्वास्थ्य संस्थासम्म पुगेर विशेषज्ञ सेवा उपलब्ध गराउन यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रस्तुत छ, वीर अस्पतालका पूर्वनिर्देशक एवं राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स)को उपकुलपति प्राडा भूपेन्द्र बस्नेतसँग राससका समाचारदाता सिर्जना राईले गरेको कुराकानीः



**प्रा.डा. भूपेन्द्र बस्नेत**
**उपकुलपति**
**राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स)**

**तपाईंले न्याम्सको नेतृत्व लिएपछि यसको गतिविधिलाई कसरी हेर्नु भएको छ ?**

जतिबेला न्याम्स सुरू भयो त्यस समयमा म वीर अस्पतालमा मेडिकल अधिकृतको रूपमा कार्यरत थिएँ। त्यो समय नेपालले चिकित्सा शिक्षाले यति फड्को मारिसकेको अवस्था थिएन। यी २० वर्षमा हामीले धेरै काम गर्न सफल भएका छौं ।

त्यस समयमा नेपालमा स्नातकोत्तर गर्ने खासगरी ब्याचलर अफ मेडिसिन र ब्याचलर अफ सर्जरी (एमबिबिएस)पछि डक्टर अफ मेडिसिन/मास्टर अफ सर्जरी (एमडिएमएस) गर्ने अवसर नेपालमा एकदमै कम थियो । त्यसमा पनि स्वास्थ्य मन्त्रालयसँग धेरै कम एमडिएमएस गरेका चिकित्सक थिए। यतिसम्म कि जिल्ला अस्पताल त के अञ्चल अस्पतालमै पनि चिकित्सक पुग्न सकेको थिएन। अञ्चल अस्पतालमा चिकित्सक पुगे पनि सबै प्रकारका विशेषज्ञको अभाव थियो ।

त्यो सबै अवस्थालाई मध्यनजर गर्दै देशभित्र सरकारले आफैं एमडी पढाउने, तालिम दिने र नेपाल सरकारका सबै अस्पतालमा चिकित्सक उपलब्ध गराउनुपर्छ भन्ने अवधारणामा उक्त समयको स्वास्थ्य मन्त्रालयको नेतृत्वले न्याम्सको गठन गरेको हो। यो गठन यसरी आयो कि सरकारी चिकित्सकलाई मात्र पढ्न दिइन्थ्यो, त्यसपछि बाँकी रहेको मात्र खुल्ला प्रतिस्पर्धालाई दिइन्थ्यो। पछिल्लो समयमा चिकित्सा शिक्षा आयोग आइसकेपछि त्यो परिदृश्य केही परिवर्तन भएको हो। त्यसबीच एमडिएमएस गरेका यति धेरै चिकित्सकहरू उत्पादन भए कि आज नेपाल सरकारका अधिकतम् अस्पताल एवं स्वास्थ्य संस्थाको नेतृत्व एवं विशेषज्ञ सेवा उनीहरूबाटै भएको छ। यो न्याम्सको लागि सुखद् पक्ष हो।

**चिकित्सक एवं स्वास्थ्य जनशक्ति उत्पादनमा न्याम्सको भूमिकालाई कसरी हेर्नु भएको छ ?**

आजसम्मको स्थिति हेर्ने हो भने न्याम्सले नेपालमा एमडिएमएस सबैभन्दा धेरै उत्पादन गरेको छ। झण्डै १५ सय एमडिएमएस चिकित्सक उत्पादन भइसकेका छन् भने विभिन्न विधाका चिकित्सक, नर्सिङ र पारामेडिक्स गरी झण्डै तीन हजार जनशक्ति उत्पादन गरिसकेको छ। यही जनशक्तिका कारण धेरै सरकारी र निजी स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा उपलब्ध गराउन सहज भएको छ। यसको स्थापना गर्दा नै स्वास्थ्य उपचार सेवा, अध्यापन र अनुसन्धान गर्ने रहेको थियो ।

**न्याम्स र वीरलाई छुटचाउने, न्याम्सले छुट्टै अस्पताल स्थापना गर्ने विषयप्रति तपाईंको बुझाइ के हो ?**

अहिले छुटचाउने र जोड्ने कुराहरू आइरहेको छ । म भन्छु, छुटचाउन हुँदैन । न्याम्सको योगदान महत्त्वपूर्ण छ । सबै सरकारी स्वास्थ्य संस्थामा चिकित्सक पुऱ्याउने, तालिम दिने राम्रो काम भएको छ । यदि आफ्नो अस्पताल नै नहुने हो भने त तालिमको नै वैधानिकता हुँदैन, मान्यता हुँदैन नि । स्वास्थ्य प्रतिष्ठानलाई पढाउनका लागि आफ्नै एउटा अस्पताल चाहिन्छ । न्याम्सले वीर अस्पतालबाहेक पनि थुप्रै ठाउँमा पढाइ र तालिमको कार्यक्रम गर्छ । जस्तैः बालबालिकाका लागि कान्ति बाल अस्पताल, आँखाका लागि नेपाल आँखा अस्पताल, तिलगंगा, विराटनगर, भैरहवालगायत, प्रसूतिका लागि परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र अन्य अस्पतालको वीर अस्पतालमा गरेको छ ।

अहिलेको चिकित्सा शिक्षा ऐनकै कुरा गर्ने हो भने नर्सिङ पढाउनका लागि १०० शयचासम्मको अस्पताल चाहिन्छ । एमबिबिएस कार्यक्रमका लागि ३०० शयचा न्यूनतम् रूपमा सञ्चालनमा हुनुपर्छ । त्यसैले एमडिएमएस गर्न पऱ्यो भने पक्कै पनि आफ्नै एउटा अस्पताल चाहिन्छ । त्यो आफ्नो अस्पताल भनेको ऐनले निर्दिष्ट गरेको न्याम्सको वीर अस्पताल हो । आफ्नो एउटा अस्पताल भएपछि अन्य कार्यक्रम जहाँ पनि चलाउन पाइन्छ । त्यसैले ऐन आउँदै खेरी वीर अस्पताल, न्याम्सको आंगिक अस्पताल भएर आएको हो । यदि न्याम्सको आफ्नै अस्पताल भएन भने कार्यक्रमहरू चलाउन पाइँदैन, यहाँबाट हुने अध्ययनको यसको वैधता र मान्यतामा प्रश्न उठ्छ ।

यसको अर्का पाटो, वीर अस्पताल सरकारको केन्द्रीय अस्पताल पनि हो । नेपाल सरकारका चिकित्सक जो स्वास्थ्य सेवामा हुनुहुन्छ उहाँहरू जिल्ला, अञ्चल, क्षेत्रीय अस्पताल हुँदै यो अस्पतालसम्म आउने बाटो पनि त खुल्ला हुनुपर्छ नि। त्यसैले अहिले पनि त्यो छ। केही कर्मचारी न्याम्सको हुनुहुन्छ, तर धेरै जना स्वास्थ्य सेवाबाट विभिन्न ठाउँबाट सरुवा भएर यहाँ आउनुहुन्छ। यो आउनै नपाउने गरी बन्द गर्ने किसिमले गर्नु हुँदैन।

**न्याम्सको आफ्नै छुट्टै अस्पताल निर्माणको कुराचाहिँ के भइरहेको छ ?**

हो, त्यसकै लागि भक्तपुरको दुवाकोटमा अहिले जग्गा प्राप्ति भएको छ । त्यहाँ केन्द्रीय अस्पताल बनाएर सऱ्यो भने, न्याम्सको आंगिक अस्पताल बन्यो भने वीर अस्पताल तालिम साइटमात्र पनि हुन सक्छ । तर आजकै दिनमा न्याम्सबाट वीर अस्पताल छुटचाउँदा डिग्रीकै मान्यता र वैधानिकतामा प्रभाव पर्छ, विद्यार्थीको भविष्यमासमेत असर पर्न सक्छ। ऐनले यही कुरा नै भनेको छ । दुवाकोटमा अस्पताल बनाउने हाम्रो पहिलो प्राथमिकतामा छ । यो ठूलो योजना भएका कारण सरकारले तत्काल काम सुरू गर्न नसक्ने हो कि भनेर हामीले त्यसलाई तीन चरणमा बाँडेका छौं । त्यहाँ १५ सयको शयचा बनाउने योजना छ, हामीलाई एकैदिनमा १५ सय शयचा चाहिँदैन । प्रथम चरणमा ५०० शयचा, दोस्रोमा ५०० र तेस्रोमा ५०० गरी जम्मा १५ सय शयचा बनाउने सोचेका छौं । पहिलो चरणको ५०० शयचाको मेडिकल कलेज तत्काल बनाउन भनेर यो वर्षको बजेटमा राख्नुपर्छ भनेका छौं ।

अहिले स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले समेत चिकित्सा शिक्षा र स्वास्थ्यबारे निरन्तर चासो व्यक्त गर्नुभएको छ । मन्त्रालयको भिजनअनुसार १०० शयचासम्म नर्सिङ र प्यारामेडिक्स पढाउने, ३०० शयचामाथि एमबिबिएस पढाउने कुरालाई न्याम्सले ग्रहण गरिसकेको छ । आगामी शैक्षिक सत्रमा, ठीक एक वर्षपछि न्याम्सले पनि एमबिबिएस कार्यक्रम सुरू गर्छ। त्यसका लागि आउने आर्थिक वर्षदेखि दुवाकोटमा भवन निर्माणका लागि काम गरिरहेका छौं ।

एमबिबिएससँगै त्यहाँ हाम्रो क्षमताअनुसार अन्य शैक्षिक कार्यक्रम विस्तार गर्दै जाने हो । यसबाट कम खर्चमा नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य उपचार सेवा दुवै प्राप्त गर्न सक्छन् । जुन स्वास्थ्यकर्मीले आजको नवीन प्रविधि पढेको हुन्छ, उसले राम्रो सेवा दिन सक्छ । त्यो पढ्ने कुरा हाम्रो जस्तो शैक्षिक संस्थामा हुन्छ । त्यसैले सबै सरकारी अस्पताल शैक्षिक संस्थाको रूपमा विकास हुनुपर्छ, सबैले दिनहुँ पढ्न र बिरामीको गुणस्तरीय उपचार होस्, हाम्रो उद्देश्य नै त्यही हो ।

**अहिले देशभित्रै नर्सिङ अध्ययन गर्न नपाएर नेपाली विद्यार्थीहरू भारतलगायत अन्य मुलुकमा जानुपर्ने बाध्यता कसरी भयो ? चिकित्सा शिक्षा ऐनमा देखिएको समस्या हो वा अन्य कुनै कारण पनि हुन सक्छ ?**

अहिले नर्सिङ अध्ययनका लागि समस्या देखिएको छ । ऐनगत समस्या भएका कारण नै चिकित्सा शिक्षा ऐन संशोधनका लागि चिकित्सा शिक्षा आयोग, मन्त्रालय र सरकार नै लागिपरेको छ । न्याम्समा पिसिएल नर्सिङ पढाइ हुन्थ्यो आजको दिनमा बन्द भयो । हामीसँग नर्सिङ कलेज छ, शिक्षक छन् र एक हजार शयचाको अस्पताल छ । हामी धेरै नर्सिङ पढाउन सक्छौं, यस्ता कार्यक्रम हाम्रो बन्द भयो, ऐनका कारण ।

यस्तै त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज र पाटन अस्पतालको पनि बन्द भयो । सबै स्वास्थ्य प्रतिष्ठानले पढाउन पाउँछन्, न्याम्सले मात्र आज पढाउन पाउने हो भने हामी ५०० जना पिसिएल नर्स उत्पादन गर्न सक्छौं । पाँच ठाउँमा हामीले नर्सिङ पढाउन सक्छौं । कान्ति, प्रसूति, सिभिल, भरतपुर र वीर अस्पतालबाट २५० पिसिएल नर्स वार्षिक उत्पादन गर्न सक्छौं । ऐनलाई संशोधन गर्ने बितिकै नेपाल सरकारका स्वास्थ्य प्रतिष्ठान र अस्पतालबाट नर्सिङ जनशक्ति उत्पादन गर्न सकिन्छ ।

**आधारभूत स्वास्थ्य उपचारको प्रत्याभूति संविधानले नै गरेको छ तर नागरिकहरू सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य उपचारको सेवाबाट वञ्चित भइरहेका छन्, किन होला ?**

अहिलेको संविधानले स्वास्थ्यको जिम्मेवारी तीन तहको सरकारमा बाँडेको छ । यी सरकारहरूबीच तालमेल नमिलेको जस्तो लाग्छ । थुप्रै अधिकार स्थानीय तहलाई गएको छ । तर अधिकारसँगै अरू कुरा भएका छन् त ? अर्कातर्फ केन्द्रिकृत मानसिकतामा काम गर्दै आएकाले संघीयताअनुसार काम गर्न नसक्दा पनि धेरै जटिलता देखिएको हुन सक्छ । कार्यान्वयनलाई निखार्दै जाने हो ।

कोही चिकित्सक दुर्गममा गएन भन्नुहुन्छ । चिकित्सक एउटा व्यक्ति हो, उसँग ज्ञान हुन्छ । त्यो ज्ञानको प्रयोग गर्न उनलाई साधन, सहयोगी सेवा र समूहको आवश्यकता पर्छ । दुर्गमकै उदाहरण दिँदा पनि, त्यहाँ चिकित्सक मात्र पुगेर हुँदैन । त्यहाँ पूर्वाधार, उपकरण र पूर्ण समूह अनिवार्य हुनुपर्छ ।

**स्वास्थ्य जनशक्ति विदेसिने क्रम बढ्दो छ । यसलाई अवसरको खोजीमा जाने बढे भन्ने कि स्वास्थ्यकर्मी टिकाउने वातावरण नबनेको हो भन्ने ?**

हो, चिकित्सकहरूको विदेश पलायन बढ्दो छ। तर हाम्रो उत्पादन पनि बढिरहेको छ। हिजो उत्पादन कम थियो विदेश पलायन पनि कम थियो। आज उत्पादन बढी छ, विदेसिने पनि बढी छन्। यद्यपि हामीले केही 'क्रिम' जनशक्तिलाई रोकेर राख्ने वातावरण आवश्यक छ।

**वीर अस्पतालमा अझै पनि सहज र समयमै उपचार सेवा पाउन नसकिरहेको बिरामीहरूको गुनासो छ । सरकारी अस्पतालप्रति सेवाग्राहीको विश्वास खस्केको हो ?**

वीर अस्पताल गतिशील छ। सेवाग्राहीको विश्वास बढेको छ, सेवा विस्तार भएको छ र स्वयं अस्पतालको आम्दानी बढेको छ। म २०७३ सालदेखि २०७५ सालसम्म निर्देशकको जिम्मेवारीमा रहेँ। त्यसबेला चिसोयाममा सातदेखि ८०० बिरामी हुन्थ्यो। अहिले चिसोयाममा मात्र पनि २२ सय बिरामीको संख्या छ। त्यस समयमा गर्मीमा १६ सय बिरामी हुने गर्दथ्यो, अबको गर्मीयाममा चार हजारसम्म पुग्ने देखिन्छ। यी संख्याका सेवाग्राही विश्वास भएरै वीर अस्पताल आएका हुन्।

एक दिनमा हामीले ४० वटा शल्यक्रिया गरेका छौं। हाम्रो क्षमता १०० वटासम्म शल्यक्रियाको छ। नर्सलगायत जनशक्ति जस्ता केही समस्याका कारण अप्ठ्यारो छ। हाम्रो क्षमताअनुसार सेवा दिन छोडेका छैनौं। वीर अस्पतालबारे नकरात्मक कुरा फैलाएर बिरामी निजी अस्पतालमा लग्ने केही समूहको खेती पनि छ। यस्ता समूहलाई कारबाही पनि गरेका छौं। तर अधिकांश कर्मचारीले राम्रो काम गर्नुभएको छ। दुई/चार वटा कर्मचारीका कारण सम्पूर्णको बारे गलत प्रचार गर्नु हुँदैन।

अहिलेको स्वास्थ्यमन्त्रीले शयचा बढाउनुभयो। भिआइपीको चाप बढेको छ। धेरै सुधार भएको छ, सेवा खस्केको छैन। केही समय अघिमात्र अक्सिजन र खाना रोकियो भन्नेबारे गलत सूचना प्रवाह भयो। हामीले एक दिन पनि यी कुरा रोकेका थिएनौं। बजेट विनियोजन हुँदा त्यो शीर्षकमा पैसा आएन। रोकियो भन्ने कुरा ५० औं मिडियाले मिडियाबाजी गरे। हामीले विज्ञप्ति निकाल्यौं तर कसैले समाचार लेखेनन्। यो कुरा प्रमाणसहित ल्याए म पद छोड्न तयार छु। राम्रो काम गर्दा पनि विरोध धेरै भयो। अधिकांशले नकारात्मक कुरा लेख्नुहुन्छ। धेरै नकारात्मक मानसिकता भयो।

**अस्पतालबाट प्रवाह हुने सेवा सुधारका लागि विगतमा र अहिले भएका प्रयासहरू के पर्याप्त छन् त ?**

हाम्रो क्षमताअनुसार गरिरहेका छौं। सुधारका लागि तयार छौं। सुझाव दिनुहुने सबैका लागि वेबसाइटमा स्क्यान गरेर पनि सन्देश छोड्न सक्नुहुन्छ। हामी धेरै सकारात्मक सुझावको प्रतीक्षामा छौं। सरकारी अस्पतालसँग सबै कुरा छ। जग्गा छ, भवन निर्माण भइसकेको छ, चिकित्सक छन्, बिरामीहरू सेवा लिन आउँछन्। त्यहाँ शैक्षिक प्रणाली छिराउन मात्र बाँकी हो। यहाँ बिरामीलाई लाइन बस्नुपर्ने समस्या छ, यो हाम्रो बाध्यता हो। क्षमता अभिवृद्धिमा प्रयत्नशील छौं।

सामुदायिक विद्यालयका समस्या

# भवन राम्रा बने, विद्यार्थीको आकर्षण बढेन



**मन्थली (रामेछाप)-** २०७२ वैशाख १२ को विनासकारी भूकम्पले क्षति पुऱ्याएका सामुदायिक विद्यालयका भौतिक संरचना आकर्षक निर्माण भएका छन् । विद्यालय भवन आकर्षक बनेता पनि त्यहाँ अध्ययन गर्ने विद्यार्थीको संख्या न्यून हुँदै जाँदा ती संरचनाको उपयोग कम हुन थालेकामा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।

रामेछापका ८७ माध्यमिक विद्यालयको नयाँ भवन बनेका थिए । ती विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएकोप्रति सरोकारवालाले चिन्ता व्यक्त गरेका हुन् । शैक्षिक गुणस्तर नहुनु, जनसंख्या वृद्धिदर न्यून हुनु र सामुदायिक विद्यालयमा राजनीतिक हस्तक्षेप हुनुलगायतका कारणले सामुदायिक विद्यालयमा विद्यार्थी घट्नुका मुख्य कारण भएको जिल्ला शिक्षा तथा समन्वय एकाइ रामेछापका प्रमुख भरतबहादुर भट्टराईले बताए ।

यसअघि जिल्लामा ४०० भन्दा बढी विद्यालय भए पनि विद्यार्थी कम भएकै कारण समायोजन भएर ३६० को संख्यामा झारिएका थिए । तर अझै विद्यार्थीको अभावमा ती विद्यालय एकअर्कामा समायोजन भई घट्ने अवस्था रहेको छ । यस्ता विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै जान लागेपछि सुधारको प्रयासका लागि जिल्ला शिक्षा समन्वय एकाइ, विभिन्न पालिकामार्फत हुने गरेका तालिम, गोष्ठी, अन्तर्क्रिया एवं छलफलले पनि खासै काम गर्न सकेको छैन ।

पूर्वशिक्षक गुञ्जबहादुर श्रेष्ठले सामुदायिक विद्यालयमा गुणस्तरीय अध्यापन नहुने र गाउँमा समानुपतिक विकास नहुनु नै सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्दै जाने गरेको बताए । जिल्लामा पाँच नमूना माध्यमिक विद्यालय छन् एक/दुई वटाबाहेक ती विद्यालयले पनि खासै गुणस्तरीय शिक्षा दिन नसक्दा विद्यार्थी आकर्षण गर्न सकेका छैनन् ।

मुलुक संघीय संरचनामा गएसँगै तत्कालीन जिल्ला शिक्षा कार्यालयले अनुगमन तथा नियमन गर्ने गरेका सबै विद्यालयसँग सम्बन्धित काम पालिकास्तरीय शिक्षा शाखाले गर्न थालेपछि भने अझै शैक्षिक गुणस्तर खस्कँदै गएको जनाइएको छ । माध्यमिक तहसम्म निःशुल्क शिक्षा भने पनि सामुदायिक विद्यालयले पनि जथाभावी विभिन्न बहानामा शुल्क असुल्ने गरेको र घरमा रहेका आफूजस्ता अभिभावक सौखिन भएका कारण पनि सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या नबढेको अभिभावक शान्ति प्रकाश दाहालले जानकारी दिए ।

सबै तहका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाउने खालको दक्ष शिक्षक नहुनु, शिक्षकले आफ्ना छोराछोरीलाई आफूले पढाउने विद्यालयमा नपढाउनु, शिक्षक नियुक्ति गर्दा अनुभवी र दक्ष एवं राम्रा शिक्षकलाई भन्दा हाम्रा/(आफ्ना, आफन्त) शिक्षकलाई प्रक्रिया मिलाएर नियुक्ति गर्ने गलत अभ्यास बढेको जनाइएको छ । अभिभावक सञ्जय वाग्लेले शिक्षक सेवा आयोगबाट आधार भूत वा माध्यमिक तह पास गरेर आएका शिक्षकमध्ये पनि पहुँचवालालाई मात्र आफ्नो पालिकामा ल्याउन पहल गर्नु नै शैक्षिक गुणस्तर खस्कनु र विद्यार्थीको संख्या घट्नुका कारण भएको बताए ।

यसो त कक्षा १ देखि १२, सम्म निःशुल्क पाठ्यपुस्तक, ५ कक्षासम्म दिवा खाजाको व्यवस्था, टोलटोलबाट विद्यार्थी ल्याउन विद्यालयमा बसलगायतका सुविधा पनि नभएको भने होइत तर यी सुविधा हुँदाहुँदै पनि विद्यार्थीको सामुदायिक विद्यालयमा आकर्षण बढ्न सकेको छैन ।

संस्थागत विद्यालयसँग नमूना माविको रूपमा रहेको मन्थली मावि मन्थली र मावि डहुलेभन्दा बाहेकका अन्य माध्यमिक विद्यालयले गुणस्तरमा भने प्रतिस्पर्धा गर्न सकेका छैनन् । त्यही कारण पनि सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या बढ्न नसकेको हो । आफूले पढाउने विद्यालयमा आफ्ना बालबालिका अधिकांश शिक्षकले नपढाउने गरेकाले पनि शैक्षिक गुणस्तर खस्केको अभिभावकको आरोप छ । दक्ष तथा अनुभवी एवं युवापुस्ताका शिक्षकलाई नयाँ नियुक्ति दिने र २० वर्ष वा सोभन्दा बढी समयसम्म शिक्षण गरेका शिक्षकलाई पेन्सन दिनुपर्ने अभिभावक नारायणबाबु बस्नेतले बताए । *रासस*

## बीमालेख हरायो

मिति २०८०/०५/२२ गते, कलंकीदेखि सामखुसीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : संकर राई
बीमालेख नं : ०२३०००२३९४
Himalayan Life Insurance Limited
ठेगाना : कानेपोखरी गा.पा ७, मोरङ
सम्पर्क नं : ९८४३६९५१३३


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASODA FACILITIES MANAGEMENT AND SERVICES
पुर्व स्वीकृति मिति: २०८०/११/१६ | LT. No. 300625 | चलानी नं. ६०२१५६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1200 | ४३,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४३,६७० | | | | | | | |
| 3 | Electric Tech. | 1 | 0 | 1200 | ४३,६७० | | | | | | | |
| 4 | Mason | 1 | 0 | 1200 | ४३,६७० | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1200 | ४३,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074
**Chinari Overseas Pvt. Ltd.**
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASASAT AL- TOUYA FOR GENERAL CONTRACTING Company
पूर्व स्वीकृति मिति २०८०/११/१७ | LT. No. 300782 | चलानी नं. ६०२१५६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 12 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २७ गते (10th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIL TORO LADIES BEAUTY SALON CO.
पूर्व स्वीकृति मिति : २०७९/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ | LT. No. 274813 | चलानी नं.६०१९१२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 140 | ६०,२८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 140 | ६०,२८० | | | | | | | |
| 3 | Nail Technician | 0 | 3 | 140 | ६०,२८० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

कम्पनी : KATANA JAPANESE RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८०/११/१६ | LT. No. 300767 | चलानी नं.६०२१५६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant / Waiter | 16 | 0 | 130 | ५५,९७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 0 | 90 | ३८,७५० | | | | | | | |

कम्पनी : MANOMI ZONE LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८०/११/१६ | LT. No. 300768 | चलानी नं.६०२१५६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 4 | 130 | ५५,९७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser/nail Technician/beau/barber/manicure | 0 | 11 | 130 | ५५,९७५ | | | | | | | |
| 3 | Light Driver | 5 | 0 | 150 | ६४,५८५ | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 150 | ६४,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THAAM AL SHAAY
पूर्व स्वीकृति मिति २०८०/११/११ | LT. No. 300626 | चलानी नं. ६०२१५६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1400 | ५०,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chawarma Maker | 2 | 0 | 1500 | ५४,५९० | | | | | | | |
| 3 | Coffee Cook | 2 | 0 | 1600 | ५८,२३० | | | | | | | |
| 4 | Falafel Maker | 2 | 0 | 1400 | ५०,९५० | | | | | | | |
| 5 | Grocer | 2 | 0 | 1400 | ५०,९५० | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 1400 | ५०,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAHRAT AL-ANDALUSIA FOUNDATION FOR MAINTENANCE AND CLEANING
पूर्व स्वीकृति मिति २०८०/१०/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ | LT. No. 299841 | चलानी नं. ६०२१४७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 2 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION
पूर्व स्वीकृति मिति २०८०/०८/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ | LT. No. 295227 | चलानी नं. ६०२१०२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED AWADAH BIN MOHAMMED AL ZUBAIDI INDUSTRIAL FACTORY
पूर्व स्वीकृति मिति २०८०/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१७ | LT. No. 299219 | चलानी नं. ६०२१४४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exhibition Curator | 1 | 0 | 2200 | ७७,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 3 | Tin Blacksmith | 1 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 4 | Worker | 2 | 0 | 1000 | ३५,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAILS ON WHEELS LADIES BEAUTY SALOON
पुर्व स्वीकृति मिति २०८०/११ /१६ | LT No : 300777 | चलानी नं ६०२१५६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technician | 0 | 2 | 250 | १०७,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHEYS THE LOOK BEAUTY SALON COMPANY FOR LADIES
पुर्व स्वीकृति मिति २०८०/११ /१७ | LT No : 300776 | चलानी नं ६०२१५६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Massage Therapist | 0 | 2 | 150 | ६४,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७
**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FACTORY FOR PROCESSING & TREATING MINERALS
पूर्व स्वीकृति मिति : २०८०/११/१६ | LT. No. 300793 | चलानी नं. ६०२१५६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २७ गते (10th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064
**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DORAT AL NAQEL FOR TRANSPORT MERCHANDISE PETROLEUM PRODUCTS & CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT No.300710 | चलानी नं. ६०२१५६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६३,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था:रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८/०४२/४३
**Himalayan Manpower Service Pvt. Ltd.**
Sanepa-1, Lalitpur, Phone: +977-1-015183325, 015183326,5183327,
9863191056, 9818224732, E-mail: hmanpowerservicepltd@yahoo.com


# महाराजा बचत तथा ऋण सहकारी संस्था लि.

## Maharaja Saving and Credit Co-operative Ltd.

## महाराजा बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको कर्जा बुझाउने बारे ३५ दिने जरूरी सूचना

यस संस्थाको तपसील बमोजिमका सदस्य व्यक्तिले निम्न उद्देश्यको लागि कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघि ऋण तिर्ने सम्बन्धमा संस्थासँग गरेको सम्झौता अनुसारको रकम बुझाउने सम्बन्धमा यस संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई बुझाउनको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा संस्थाको ऋण लगानी तथा अशुली नीति दफा नं ८.१२ उपदफा ३ र ४ तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो ३६ औं दिन तपसील बमोजिमको धितो लिलामी तथा सकार प्रकृया अवलम्बन गरि संस्थाले आफ्नो लेना रकम अशुल गर्नेछ ।

**तपशिल:**

| क्र.स. | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|---|---|
| १. | कोपिला शाही | पदम बहादुर शाही | वलबिर शाही | साविक नवलपरासी जिल्ला शिवमन्दिर गाविस वडा न.६, ठेगाना भई हाल कावासोती न.पा वडा नं.५ नवलपरासी (ब.सु.पु.) | व्यापार |
| २. | हिम लाल भुसाल | राधा कृष्ण भुसाल | हरिलाल भुसाल | साविक नवलपरासी जिल्ला शिवमन्दिर गा.वि.स.वडा न.३ ठेगाना भई हाल कावासोती न.पा. वडा नं.२ नवलपरासी (ब.सु.पु.) | व्यापार |

**लिलाम हुने धितो बिबरण क्रमश:**

| क्र.स | जग्गा धनिको नाम | धितो ठेगाना बिबरण | कि.नं. | क्षेत्रफल | लिलामी हुने न्युनतम रकम |
|---|---|---|---|---|---|
| १. | कोपिला शाही | साविक शिवमन्दिर गाविस वडा नं.६, ६क, नवलपरासी, हाल कावासोती न.पा. ५, न.प.ब.सु.पु | १९५५ | ०-०-११.५०-० | रु.११,०७,५००।- |
| २. | हिम लाल भुसाल | साविक कावासोती गाविस वडा नं.४, ४ख, नवलपरासी, हाल कावासोती न.पा. वडा नं. २, न.प.ब.सु.पु | १६८३ | ०-०-६-० | रु.७,५५,५००।- |

**महाराजा बचत तथा ऋण सहकारी संस्था लि.**
कावासोती न.पा.२. नवलपरासी ब.सु.पु.

# प्रभाव दैनिक

शुक्रबार १८, फागुन २०८० (Friday, March 1, 2024)


## रूपशाला



### २ दशकपछि सञ्जयको 'तिमी जस्तै'

'धेरै भो', 'रूमाल लुकाई लुकाई खेल्दा', 'हुँदैन कसैको मुटु ढुङ्गाको' लगायतका गीत मार्फत गायनमा स्थापित पृथक स्वरका धनी चर्चित गायक संजय किशोर श्रेष्ठले झन्डै दुई दशकपछि नयाँ गीत 'तिमी जस्तै' सार्वजनिक गरेका छन् । जमलस्थित विश्वज्योति चलचित्र भवनमा एक कार्यक्रमका बिच गीत सार्वजनिक गरिएको छ । कार्यक्रममा उनले गायनमा पुनः आगमन गर्दा पाएको साथले हौसला मिलेको बताए । 'पुनः गायनमा सक्रियता बढाउने जमर्को गरेको छु । जेम्स दाइका कारण यो सम्भव भएको हो । आस छ, पहिला झैँ माया पाउने छु', गायक श्रेष्ठले भने, 'समय अनुसार आफूलाई परिमार्जित गर्ने कोसिस गरेको छु ।' गीतमा जेम्स प्रधानको शब्द र सङ्गीत रहेको छ भने गीतको भिडियो पनि जेम्सले नै निर्देशन गरेका हुन् ।



# अभिनयका लागि अमेरिका छाडेका **सुवास**

■ नरेन्द्र रौले

**काठमाडौं–** कलाकार सुवास रसाली आम युवाभन्दा फरक देखिन्छन् । कयौं युवाहरूका लागि अमेरिका सपनाको देश हो । त्यहाँ पुग्नकै लागि ठूलो रकम खर्चिनेहरूको संख्या बढिरहेको छ । अमेरिकालाई नै आफ्नो सपना र भविष्य बनाउँदै बिदेसिनेको लर्को बढ्दो छ । तर, त्यो भीडमा फरक देखिन्छन्, सुवास । उनी अमेरिकालाई 'गुड्बाई' गरेर फर्किदिए ।

'म जेमा खुसी हुन्छु, त्यो काम गर्छु,' हालै काठमाडौंमा भेटिएका सुवासले भने, 'मलाई स्कुलदेखि नै डान्स र आर्टमा रुचि थियो ।' सुवास कलाकारितामा यसरी डुबे कि उनले बाँकी सबै कुरा भुलिदिए । कलाकारितामा उनी सौर्य नामले चिनिन्छन् । नेपालदेखि बलिउडसम्मको उनको यात्रा रोचक र संघर्षपूर्ण छ । त्यो सुन्नुअघि उनको अमेरिका यात्राको प्रसंग सुनौं । नवलपरासीको अरुणखोलामा जन्मिएका सुवासले अरुणखोला इंगलिस बोर्डिङ स्कुलबाट एसएलसी उत्तीर्ण गरे ।

लैनचौरको निस्ट नेसनल स्कुल अफ साइन्सेजबाट आइएस्सी पूरा गरे । उच्च शिक्षा अध्ययनका लागि सुवास सन् २००६ मा अमेरिका उडे । भर्जिनिया इन्टर नेसनल युनिभर्सिटीबाट बिबिए अध्ययन गरे । काम गर्दै आफ्नो अध्ययनलाई पनि अगाडि बढाए ।

त्यसको चार वर्षपछि बीचमा घुम्नका लागि अमेरिकाबाट भारत फर्के । त्यही समयमा मुम्बईस्थित किशोर नमितको कपुर एक्टिङमा छ महिनाको विशेष डिप्लोमा कोर्समा भर्ना भए । बरुन धवन र अर्जुन कपुर उनका सिनियर थिए । अतुर माथुरजस्ता नामी व्यक्तिले उनलाई पढाए । नायिका शिबाङ्गिनि राणा पनि उनकी सहपाठी हुन् । दैनिक बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म कक्षा हुन्थ्यो । सैद्धान्तिक र प्रयोगात्मक कक्षा लिएपछि उनको बुझाइको दायरा अझ फराकिलो भयो । जब त्यो कोर्स पूरा गरे तब उनलाई बल्ल महसुस भयो, म त कलाकार रहेछु भन्ने कुरा गहिरो तवरले महसुस गरे ।

एक्टिङ (अभिनय) कोर्सपछि सुवासले दुईवटा विज्ञापन खेले । बैंक र फर्निचरको विज्ञापनमा खेले पनि उनलाई अनुभव मिल्यो । सिक्नका लागि सुवास कहिल्यै पनि पछि हट्दैनन् । सन् २०११ म फेरि उनी अमेरिका उडे । वासिङ्टन डिसीस्थित द थियटर ल्याबमा फेरि छ महिने कोर्स गरे । त्यहाँ बस्दा उनले महसुस गरे- जीवन जिउने आफ्ना लागि हो । समय छोटो छ । कुन बेला के हुन्छ, थाहा हुन्न । त्यसैले फटाफट काम गर्नुपर्छ । अध्ययनसँगै सुवासले एउटा डायमण्ड पसलमा सेल्स म्यानेजरका रूपमा काम गर्थे । उनले त्यसमा आठ वर्ष काम गरे । कमाई राम्रै थियो, आफ्नै गाडी, फ्ल्याट थियो । उनले आनन्दको जीवन व्यतीत गरिरहेका थिए । तैपनि उनले सन् २००६ देखि २०१६ सम्म निरन्तर कर्मथलो बनाएको अमेरिकालाई 'बाईबाई' गर्दै मुम्बई फर्किए ।

'कम्फर्ट जोनमा बस्नु हुन्न लाग्यो,' सुवासले हल्का अंग्रेजी मिश्रित लवजमा भने, 'मैले संसार छोडेर जाँदा अमेरिकन सेवा, सुविधा, पैसा केही पनि लाने होइन ।' उनलाई कलाकारितामै राम्रो गर्न सक्छु भन्ने विश्वास जाग्यो । आखिर नृत्य र अभिनय उनको नसानसामा बगिरहेको थियो । चलचित्रको त उनी सानैदेखि प्रशंसक थिए नै ।

**बलिउडसम्म सुवासको यात्रा**

सुवासले केही सिरियल र चलचित्रमा अभिनय गरेका छन् । केही विज्ञापनमा काम गर्ने मौका पाएका छन् । कलर्स टिभीबाट प्रसारण भएको मेरी आसिकी तुम्सेही, बिग म्याजिक च्यानलबाट प्रसारण भएको टेडी मेढी फचामिली, २४ सिजन २, र कुछ रंग प्यार के ऐसे भि, य हैमोहब्बतेंमा अभिनय गरेका छन् । यस्तै दिलतो बच्च है जी, निर्जा, ओमानिया जस्ता चलचित्रमा उनले अभिनय गरेका छन् ।

सुवासले ओमानिया चलचित्रको छायांकन भइसकेको छ । प्रदर्शन हुन भने बाँकी छ । चन्द्रकान्त सिंहले निर्देशन गरेको यस चलचित्रमा श्वेता तिवारी, अस्मित पटेल, रश्मी देसाइ र सोफिया हायातले अभिनय गरेका छन् । कन्फेसन-इट्स कम्प्लिकेटेड नामक वेब सिरिज पनि अभिनय गरेका छन् । एक तर्फा एस्क नामक एक सर्ट मुभीमा पनि अभिनय गरेका छन् । आधा दर्जनभन्दा बढी विज्ञापनमा काम गर्ने मौका पाएका छन् ।

बलिउडसम्मको यात्रा गर्दा सुवासले अनेक दुःख, संघर्ष गरेका छन् । गोविन्दालाई घरमै पुगेर भेटेका छन् । उनले गोविन्दाबाट प्रेरणा र सल्लाह लिएका छन् । झन् गोविन्दाले 'म कलाकारितामा प्रवेश गर्दा तिमीजस्तै देखिन्थें' भनेपछि त मख्खै परे ।

चर्चित कलाकार अजय देवगनसँग पनि सुवासले काम गर्ने मौका पाए । 'दिलतो वच्चा हे जी' चलचित्रमा सँगै काम गर्ने मौका पाएका छन् । आफ्नो पहिचान कस्तो बनाउनचाहनु हुन्छ ?, सुवासलाई सोधियो ।

'एकदमै राम्रो कलाकार बन्न चाहन्छु,' उनले थपे, 'एक असल मानिस बन्न चाहन्छु ।'कलाकार बनेर जीवनयापन गरेर गर्न मुस्किल छ । त्यसैले उनी आर्थिक रूपमा बलियो बन्नका लागि व्यापार गर्न चाहन्छन् । कलाकारितालाई मुख्य पेसा अपनाए पनि त्यो सँगै सुवास व्यापार पनि अगाडि बढाउन चाहन्छन् । उनको पुर्ख्यौली पेसा ज्वेलरी व्यवसाय हो । त्यसलाई उनी चटक्कै छोड्न सक्दैनन् ।

**घुमफिरमा रुचि**

सुवास घुम्न एकदम रुचि राख्छन् । हरियाली, शान्त वातावरण, एकान्त उनलाई खुब मनपर्छ। फुर्सदमा जब उनी समुद्री किनारमा घुम्न पुग्छन्, निकै आनन्दित महसुस हुन्छ । नेपालमा सगरमाथा आधार शिविर र मुस्ताङ पुग्ने उनको ठूलो धोको छ ।

# 'नेपाली चलचित्रलाई विश्वबजारसम्म पुऱ्याउनुपर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आधुनिक प्रविधिको सदुपयोग गरी गुणस्तरीय एवं व्यावसायिक चलचित्र निर्माण गरी विश्वबजारसम्म पुरयाउनुपर्ने समय आएको बताएका छन्। नेपाली चलचित्रकर्मीको अन्तरराष्ट्रिय सञ्जालको प्रथम साधारणसभाका अवसरमा आयोजित 'सिमानाभन्दा पर : नेपाली चलचित्र' विषयक अन्तरक्रिया कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले बदलिँदो विश्वपरिवेशलाई ध्यान दिँदै नेपाली सिने उद्योगलाई अन्तर्राष्ट्रियकरण गर्न आग्रह गरे ।

वरिष्ठ चलचित्रकर्मी नीर शाहले कलाकर्मीबीचको अविश्वास र बेमेलका कारण चलचित्र व्यवसाय अपेक्षा गरिएअनुसार फस्टाउन नसकेको उल्लेख गर्दै व्यावसायिक सफलताका लागि लगनशील भई एकताबद्धरूपमा अघि बढ्न चलचित्रकर्मीसँग अनुरोध गरे । सञ्जालका अध्यक्ष लव प्याकुरेलले नेपाली युवाको विदेसिनेक्रम बढेसँगै राम्रा चलचित्रले पनि बजार पाउन नसकेका सन्दर्भमा नेपाली भाषीको उल्लेख्य उपस्थिति भएको विश्वबजारसम्म नेपाली चलचित्र पुग्नुपर्ने धारणा व्यक्त गरे ।

उक्त अवसरमा नेपाली चलचित्र उद्योगमा उल्लेख्य योगदान पुऱ्याउने गीतकार डा कृष्णहरि बराल, अग्रज एवं वरिष्ठ चलचित्रकर्मी भुवन चन्द, गौरी मल्ल, करिष्मा मानन्धर, राजकुमार राई, उद्धव पौडेल, रवीन्द्र खडका, मुकुन्द भट्टराईलगायतका व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

उक्त अवसरमा सञ्जालका नवनिर्वाचित अध्यक्ष प्याकुरेल, उपाध्यक्षद्वय प्रदीपलाल श्रेष्ठ र लक्ष्मण सुवेदी, महासचिव रमेश कोइराला, सचिव भीष्मराज फुलारा, कोषाध्यक्ष थण्डबहादुर अधिकारीलगायत १२ सदस्यीय पदाधिकारी एवं कार्यकारी सदस्यलाई प्रमाणपत्र पत्र प्रदान गरिएको थियो ।


**Bhageshwor Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Bagarkot, Dadeldhura**
**Sudur Paschim Province, Nepal**

**BID ADDENDUM**

***Date of publication: 2080/11/18***

Bhageshwor Rural Municipality Office Of Rural Municipal Executive Inform about bid addendum for Nepalese eligible bidders

| S. No. | Contract Identification No. | Description Of Works | Estimated Amount (Excluding VAT & PS) (Nrs) | Bid security Amount (Nrs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB/Works/080/081/07 | Bagarkot-Bogata-Lamikande and Bagarkot-Rupal Sadak Marmat | 3301172.88 | 96,000.00 | Previous |
| | | | 3383105.02 | 100000.00 | Amendment |

**Chief Administrative Officer**


## रंगशाला

## नेदरल्याण्ड्द्वारा नामिबिया पराजित

**काठमाडौं (प्रस)–** राजधानीमा जारी त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृंखलाअन्तर्गत आज भएको खेलमा नेदरल्यान्ड्सले नामिबियालाई ५९ रनले पराजित गर्दै विजयी भएको छ ।

माइकल लेभिट र साइब्रान्ड एंगेलब्रेक्तको उत्कृष्ट ब्याटिङमा नेदरल्यान्ड्सले नामिबियालाई जितका लागि दुई सय ४८ रनको लक्ष्य दिएको थियो । जवाफमा नामिबियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ८८ रनमा समेटियो । नामिबियाका लागि जान फ्रिलिङक र जान ग्रिनले समान ४२/४२ रनको योगदान दिए । त्यसैगरी जेपी कोटेजले २६ रन जोड्दा जेजे स्मिथ र रुबेन ट्रम्पलम्यानले समान १९/१९ रन बनाए ।

बलिङतर्फ नेदरल्यान्ड्सका टिम भान डर गुगटेनले दुई विकेट लिए भने याब्रान्ड एंगेलब्रेक्ट, रोलेफ भान डर मर्वेल, भिभियन किंग्मा र आर्यन दत्तले समान एक/एक विकेट लिए ।

**साफ यू-१६ महिला फुटबल**

# 'उत्कृष्ट प्रदर्शन गर्छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली यु-१६ महिला टोलीले घरेलु मैदानमा हुने साफ यु-१६ महिला फुटबल च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्ने आशा लिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा शुक्रबारदेखि आगामी फागुन २७ सम्म प्रतियोगिता हुँदैछ । नेपालसहित चार राष्ट्रले प्रतिष्पर्धा गर्नेछन् । बिहीबारदेखि प्रतिष्पर्धा सुरु हुने भएपनि नेपालले भने पहिलो खेल बंगलादेशसँग खेल्दैछ ।

नेपाली युथ टोलीका प्रशिक्षक चक्र तामाङले एक महिनाको तयारीमा राम्रो टोली बनेको उल्लेख गर्दै घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गर्ने आशा राखेका हुन् ।

महिला यु-१६ टोलीकी कप्तान भूमिका बुढाथोकीले आफ्नो टोली बलियो रहेको र प्रतियोगितामा चुनौती प्रस्तुत गर्ने बताइन् । आफ्ना सिनियर दिदीले राम्रो गरिरहेको उल्लेख गर्दै आफूहरू पनि सोही किसिमको प्रदर्शन गर्ने आशा व्यक्त गरिन् । नेपालले सन् २०२२ मा साफ यु-१५ च्याम्पियनसिप जितेको थियो । त्यतिबेला भूमिका पनि टोलीकी सदस्य थिइन् ।

नेपालका प्रशिक्षक चक्र तामाङले पनि सिनियर दिदीहरूको सफलताले आफ्नो टोलीलाई उत्प्रेरणा मिलेको विश्वास व्यक्त गरे । यही मैदानमा लामो समयदेखि प्रशिक्षण भइरहेकाले पनि त्यसको फाइदा लिने उनको भनाइ छ । यसअघि प्रतियोगिता च्यासल मैदानमा आयोजना गरिने बताइएको थियो । तर अन्तिम समयमा आएर सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सारिएको छ । एएफसी र साफको प्राविधिक टोलीले निरीक्षण गरेपछि च्यासलमा खेल गर्न नमिल्ने देखिएकोले आयोजनास्थल एन्फा कम्प्लेक्समा सारिएको हो ।

बंगलादेशका प्रशिक्षक साइफुल बरी तितुले आफ्नो टोली एकेडेमीका खेलाडी नभएकाले केही चुनौती रहने उल्लेख गरे । महिला फुटबलमा बंगलादेशले राम्रो नतिजा निकालिरहेको र अहिले सोही किसिमको नतिजा प्राप्त गर्न दबाब सिर्जना नगर्ने पनि प्रशिक्षक तितुको भनाइ छ । भुटानका प्रशिक्षक खान्डु त्सोमोले यो उमेरसमूहका प्रतियोगितामा एकअर्कालाई राम्रो बुझ्न गाह्रो हुने उल्लेख गऱ्यो । साथै शारीरिक रूपमा केही चुनौती हुने भए पनि मानसिक रूपमा सबै तयार रहेको भुटानको टोलीको भनाइ छ ।


**नेपालगंज उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नेपालगंज, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः- २०८०।११।१८

यस उप-महानगरपालिकाको तपसिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएका तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का विवरण | छनौट भएको निर्माण व्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) |
|---|---|---|---|
| १. | Road Construction Works (Contract ID: NSMC/SQ/W01/080-081) | श्री वशिष्ठ निर्माण सेवा, गेरुवा ६, बर्दिया | रु. १३,५८,७२७०० (भ्याट र पि.एस. बाहेक) |
| २. | Blacktop Road Construction Work, Nepalgunj 17 Banke, (Nadai Gau To Jaispur Road Connecting Blacktop Road) (Contract ID: NSMC/NCB/W10/080-081) | श्री अम्बे कन्स्ट्रक्सन, घोराही, दाङ्ग | रु. २४,८०,८०२।५० (भ्याट र पि.एस. बाहेक) |
| ३. | Road and Drain Construction Work Nepalgunj 8 & 13 Banke (Contract ID: NSMC/NCB/W11/080-081) | श्री शुसान्त निर्माण सेवा, बैजनाथ ६, बाँके | रु. ४७,४६,१९९।५० (भ्याट र पि.एस. बाहेक) |
| ४. | Dailekhi Bangala Bhautik Nirman Karya Ward No. 2 (Contract ID: NSMC/SQ2/W01/080-081) | श्री कालीका निर्माण सेवा, नेपालगंज १, बाँके | रु. १२,४७,३३९।६२ (भ्याट र पि.एस. बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**



**धवलागिरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मुना, म्याग्दी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति :- २०८०/११/१७)

यस कार्यालयले मिति २०८०/१०/१४ गतेको रिखार राष्ट्रिय दैनिक पत्रिकामा र **www.ppmo.gov.np** मार्फत प्रकाशित सूचना अनुसार देहायका कार्यको लागि नियमानुसार विद्युतीय माध्यमबाट दर्ता भएका बोलपत्रहरु मध्य तपसिलको बोलपत्र न्यूनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतीको आशयको प्रयोजनका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:-

| क्र.सं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (भ्याट र पि.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | लमसुङ पहिरो नियन्त्रण योजना, ध.गा.पा-२, लुलाङ ठेक्का नं. (DRM/MYAGDI/NCB/W/Pw/01/2080-081) | श्री खुसी होम्स बिल्डर्स, वेनी न.पा-०६, म्याग्दी। | रु.७९,३५,५६४.९५।- (उनासी लाख पैतिस हजार पाँच सय चौसट्ठी रुपैंया पैसा पन्चानब्बे मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# नाभाल्नीको अन्त्येष्टि आज मस्कोमा हुँदै



**वार्सा-** आर्कटिक जेलमा गत हप्ता मृत्यु भएका रूसी विपक्षी नेता एलेक्सी नाभाल्नीको अन्त्येष्टि आज मस्कोको एक चर्चमा गरिँदै छ । उनका राजनीतिक सहयोगीले उक्त जाकारी दिएका हुन् ।

नाभाल्नीको मृत्यु भएको एक साताभन्दा बढी समयपछि अधिकारीहरूले गत शनिबार उनको शव उनकी आमालाई सुम्पेका थिए ।

नभाल्नीका सहयोगी समूहले सामाजिक सञ्जालमा बुधबार पोस्ट गरेको सन्देशमा भनिएको छ, 'नभाल्नीको अन्त्येष्टि १ मार्चका दिन मेरिनोको 'मदर अफ गड क्वेन्च माई सोरोज' नामक चर्चमा स्थानीय समयअनुसार दिउँसो २:०० बजे गरिने छ । सबैजना समयमै त्यहाँ आइपुग्नुहोला ।'

उनको अन्त्येष्टि नजिकैको बोरिसोभ कब्रिस्तानमा गरिने बताइएको छ । उनको टोलीले सेवा आयोजना गर्न इच्छुक चर्च भेट्टाउन गाह्रो भएको बताएको छ । 'हामीले मार्च १ का लागि चर्च र हल खोज्न थाल्यौं । जतातातै तिनीहरूले हामीलाई केही पनि दिन इन्कार गरे । केही ठाउँमा हामीलाई यो निषेध गरिएको बताइयो,' निर्वासित सहयोगी इवान झ्दानोभले पोस्ट गरेको सन्देशमा भनिएको छ ।

'हामीलाई उनीहरूको निर्देशनको कुनै मतलब हुने छैन । नाभाल्नीको अन्त्येष्टि आवश्यक छ । अन्तिम सम्मान गर्ने मौका पाउनका लागि पहिल्यै आउनु नै बेस हुन्छ,' उनले सन्देशमा लेखेका छन् ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा मुखर आलोचक नाभाल्नीको गत फेब्रुअरी १६ मा उत्तरी साइबेरियाको सबैभन्दा कठिन कारागारमा निधन भएको थियो । *रासस/एएफपी*

# राजकुमार ह्यारीले अदालतमा गरेको याचनाको विपक्षमा फैसला

**लण्डन-** बेलायती राजकुमार हचारीले शाही जिम्मेवारीबाट पछि हटेपछि करदाताको आर्थिक सहायता सुरक्षा फिर्ता लिने बेलायत सरकारको निर्णयविरुद्ध अदालतमा दायर गरेको मुद्दा हारेपछि उनले कानुनी संकटको सामना गर्नुपरेको सिएनएन टेलिभिजनले जनाएको छ ।

सन् २०२० को फेब्रुअरीमा बेलायती राजकुमार हचारीले देशमा नरहँदा अन्य राजपरिवार सदस्यले पाउने जति 'कर छुट' नपाउने निर्णय भएपछि गृह मन्त्रालयविरुद्ध उनले कानुनी लडाइँ सुरू गरेका थिए । बेलायती समाचार संस्था पिएलाई उद्धृत गर्दै सिएनएनले भनेको छ, 'डिसेम्बरमा अदालतको सुनुवाइका क्रममा हचारीका वकिलले हचारीबारे गरेको निर्णयले राजकुमार हचारीप्रति पक्षपातपूर्ण व्यवहार गरेको तर्क गरेका थिए ।'

पिएका अनुसार जुलाई २०२० देखि आफ्नी पत्नी मेगनसँग क्यालिफोर्नियामा बस्दै आएका हचारीमाथि 'सफल आक्रमण' भएको तर यसले बेलायतको प्रतिष्ठामा पर्न सक्ने सम्भावित असरबारे पनि वकिलहरूले विचार गर्न नसकेको हचारीका कानुनी सहयोगीले बताएका छन् ।

अदालतले उक्त निर्णय न्यायोचित र प्रक्रियागत अन्यायरहित फैसला भएको जनाएको छ । यो झट्काका बावजुद राजकुमार हचारीका कानुनी प्रवक्ताले फैसलाबारे अपिल गर्ने आफ्नो मनसाय व्यक्त गरेका छन् ।

'डचुकले प्राथमिकताको उपचारका लागि माग गरिरहनुभएको छैन, तर सफ्टवेयर विकास र सूचना प्रविधिबारे काम गर्ने कम्पनी च्याभेकको आफ्नै नियमहरूको निष्पक्ष र कानुनी अनुप्रयोगका लागि यो सुनिश्चित गर्दै कम्पनीको लिखित नीतिअनुसार काम गर्नु उचित हुने छ,' हचारीका कानुनी प्रवक्ताले सिएनएनसँग भने ।

फैसलापछि गृह मन्त्रालयका प्रवक्ताले सिएनएनसँग भने, 'हामी खुसी छौं कि अदालतले यस मामिलामा सरकारको स्थितिको पक्षमा फैसला गरेको छ, र हामी सावधानीपूर्वक हाम्रो अर्को कदमहरूबारे विचार गरिरहेका छौं । फैसलाबारे थप टिप्पणी गर्नु अनुपयुक्त हुने छ ।'

'बेलायत सरकारको संरक्षणात्मक सुरक्षा प्रणाली कठोर र समानुपातिक छ । ती प्रबन्धहरूको विस्तृत जानकारी नदिनु हाम्रो लामो समयदेखिको नीति हो, किनकि यसो गर्दा तिनीहरूको निष्ठामा आँच आउन सक्छ र व्यक्तिको सुरक्षामा असर पर्न सक्छ ।'

अक्सर आफ्नी पत्नीको उपचार र आफ्नी स्वर्गीय आमा राजकुमारी डायनाले सामना गर्नुपरेको चुनौतीहरूको बीचमा समानताहरू चित्रण गर्दै राजकुमार हचारीले आफ्नो परिवारको सुरक्षाको बारेमा आवाज उठाउँदै आएका छन् । यो मुद्दा बेलायतमा राजकुमार हचारीसँग सम्बन्धित धेरै मुद्दाहरूमध्ये एक हो ।

सन् २०२३ को मे महिनामा राजकुमार हचारीले बेलायतमा रहँदा आफ्नो प्रहरी सुरक्षाका लागि व्यक्तिगत रूपमा भुक्तानी गर्ने छुट्टै अधिकारको माग गर्दै गरेको निवेदनमा एउटा अर्को कानुनी झड्काको सामना गर्नुपरेको थियो । बेलायतको गृह मन्त्रालयले धनी व्यक्तिहरूलाई विशेष प्रहरी अधिकारीहरूबाट संरक्षणात्मक सुरक्षा खरिद गर्न अनुमति नदिने तर्क गरेको थियो ।

सोही वर्षको जनवरीमा राजकुमार हचारीले एसोसिएटेड न्युजपेपर्स लिमिटेड (एएनएल) विरुद्ध मानहानिको मुद्दा दायर गरेका थियो । सन् २०२२ को फेब्रुअरीमा बेलायती राजकुमार हचारीले बेलायत भ्रमणका क्रममा सुरक्षा व्यवस्थाका सम्बन्धमा गृह मन्त्रालयविरुद्ध दायर गरेको मुद्दासँग सम्बन्धित थियो ।

डिसेम्बर २०२३ मा लण्डनको उच्च अदालतले राजकुमार हचारीलाई प्रकाशक 'मिरर ग्रुप न्युजपेपर्स (एमजिएन)' द्वारा फोन हचाकिङ र अन्य 'गैरकानुनी सूचना संकलन' को सिकार भएको फैसला सुनाएको थियो । *रासस/एएफपी*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/२५ मा दर्ता भएको प्रा.लि.नं. २१४६६७ **एट सीड** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : EFSIM FACILITY MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT. No. 300748 | चलानी नं. ६०२१५६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 40 | 0 | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EFSIM FACILITY MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT. No. 300747 | चलानी नं. ६०२१५६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 25 | 0 | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADH INTERNATIONAL TRADING COMPANY
पूर्व स्वीकृति मिति २०८०/११/१६ | LT. No. 300635 | चलानी नं. ६०२१५६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 3 | 0 | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESAD FOR HUMAN RESOURCES MANAGEMENT
पूर्व स्वीकृति मिति २०८०/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१७ | LT. No. 295808 | चलानी नं. ६०२१०९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 7 | 0 | 1600 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 14 | 0 | 1000 | ३५,६०० | | | | | | | |
| 3 | Office And Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,६०० | | | | | | | |
| 4 | Waiter | 11 | 0 | 1300 | ४६,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति: २०८०/११/१८ गते

यस कार्यालयबाट ठेक्का नं. KRM-NCB-W-13-2080/081, मिति २०८०।१०।१५ गते प्रकाशित सूचना अनुसार इ-विडबाट दर्ता हुन आएको बोलपत्रहरुको प्राविधिक तथा आर्थिक मूल्याङ्कन हुदाँ तपसिल बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको ३ को प्रयोजनार्थ सम्बन्धी सबैमा जानकारीको लागि बोलपत्र स्वीकृत गर्न ७ दिने आशयपत्रको सूचना जारी गरिएको छ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृतको लागि छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु (भ्याट र विमा बाहेक) | कैफियत |
|---|---|---|---|---|
| KRM-NCB-W-13-2080/081 | ward no. 3 office building construction work | Samriddhi Nirman Sewa Bangad Kupinde Municipality 1 Salyan | २६३०११७.७ | प्रथम पटक प्रकाशन |

नि.प्रमूख प्रशासकीय अधिकृत

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८०/११/१८)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी तपाईंलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|---|---|
| **१. अम्बिका खत्री**<br>ना.प्र.नं. : २७३००६/४३६<br>जारी मिति : २०६३/१०/२०<br>ठेगाना : गागलफेदी ०२, काठमाडौं<br>जि.प्र.का. : काठमाडौं<br>बाबु : देवि बहादुर पौडेल<br>बाजे : धनराज पौडेल<br>पति : बासुदेव खत्री<br>**कर्जा शीर्षक : अधिविकर्ष कर्जा** | **सरोज कुईकेल**<br>ना.प्र.नं. : २७-०२-७८-००२०६<br>जारी मिति : २०७८/०४/१२<br>जि.प्र.का. : काठमाडौं<br>बाबु : बासुदेव खत्री<br>बाजे : टिका बहादुर खत्री | **२. दिपा कुईकेल**<br>ना.प्र.नं. : १००६/७१८७०<br>जारी मिति : २०६७/११/०१<br>ठेगाना : गागलफेदी ०२, काठमाडौं<br>जि.प्र.का. : काठमाडौं<br>पति : विष्णु कुईकेल<br>ससुरा : रत्न बहादुर कुईकेल<br>**कर्जा शीर्षक : अधिविकर्ष कर्जा** | **विष्णु कुईकेल**<br>ना.प्र.नं. : ४१७८<br>जारी मिति : २०६०/०७/१३<br>जि.प्र.का. : काठमाडौं<br>बाबु : रत्न बहादुर कुईकेल<br>बाजे : हर्क बहादुर कुईकेल |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **३. शोभा कुईकेल**<br>ना.प्र.नं. : २७३००६/२३९<br>जारी मिति : २०६३/१०/२०<br>ठेगाना : गागलफेदी ०२, काठमाडौं<br>जि.प्र.का. : काठमाडौं<br>पति : बालकृष्ण कुईकेल<br>ससुरा : धन बहादुर कुईकेल<br>**कर्जा शीर्षक : अधिविकर्ष कर्जा** | **बालकृष्ण कुईकेल**<br>ना.प्र.नं. : ६८२३<br>जारी मिति : २०५५/०६/१६<br>जि.प्र.का. : काठमाडौं<br>बाबु : धन बहादुर कुईकेल<br>बाजे : हर्क बहादुर कुईकेल |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **४. कुमारी स्टोर्स**<br>प्रा.फ.र.न : ४०७०६/७४<br>ठेगाना : सिद्धार्थनगर ०१, रुपन्देही<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. प्रेम कुमारी गुरुङ्ग**<br>ना.प्र.नं. : २१३०४<br>जारी मिति : २०४८/१०/०७<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : कर्ण बहादुर गुरुङ्<br>बाजे : नर बहादुर गुरुङ् | **२. सोनी थापा गुरुङ्ग**<br>ना.प्र.नं. : ३७ १०२३/३९२१४<br>जारी मिति : २०६६/०४/१६<br>जि.प्र.का. : रुपन्देही<br>पति : बरुण गुरुङ्<br>ससुरा : सुकमान गुरुङ् | **३. बरुण गुरुङ्ग**<br>ना.प्र.नं. : २/३१५९४<br>जारी मिति : २०६३/०२/२३<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : सुकमान गुरुङ्<br>बाजे : डम्बर बहादुर गुरुङ् |

**धितोको विवरण**

प्रेम कुमारी गुरुङ्को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर गा.वि.स./न.पा. वडा नं. १(च) स्थित कि.नं. ७०२ (०-०-१०-० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **६. भावना पोल्ट्री फर्म**<br>उद्योग.दर्ता.न : ७४६/४५४९<br>ठेगाना : बढैयाताल ०४, बर्दिया<br>**कर्जा शीर्षक :**<br>**महिला उद्यमशीलता कर्जा** | **१. भिम कुमारी थापा**<br>ना.प्र.नं. : ३०२०७/११३४५९<br>जारी मिति : २०५९/०६/१४<br>जि.प्र.का. : सिन्धुपाल्चोक<br>पति : नरे थापा<br>ससुरा : रंग बहादुर थापा | **२. नरे थापा**<br>ना.प्र.नं. : १२८९<br>जारी मिति : २०५२/०९/१७<br>जि.प्र.का. : बाँके<br>बाबु : रंग बहादुर थापा<br>बाजे : देउ सिंह थापा | **३. रंग बहादुर थापा**<br>ना.प्र.नं. : १०८<br>जारी मिति : २०४३/११/०९<br>जि.प्र.का. : जाजरकोट<br>बाबु : देउ सिंह थापा<br>बाजे : हर्के |

**धितोको विवरण**

रंग बहादुर थापाको नाममा बर्दिया जिल्ला मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला सोरहवा गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ६३ (१०७०.०० व.मि.) र कि.नं. ६४ (१०१५.०० व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८४०० | प्रति तोला – ११७८५० | प्रति तोला – १३७५ |



पकाउने तयारी | महोत्तरीको पिपरा गाउँपालिका–६ स्थित रतौली गाउँमा रहेको ईँटा भट्टामा मजदुरले पकाउनका लागि तयार गरेको ईँटहरू ।

*तस्बिर : सञ्जीतकुमार मण्डल/ रासस*

# अर्थतन्त्रलाई थप गतिशील बनाउन सांसदको जोड

■ प्रभाव संवाददाता



**काठमाडौं** – सांसदहरूले मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउन सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिएका छन् ।

राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा सम्पत्ति शद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागको कामकारबाहीका सम्बन्धमा छलफलका क्रममा सांसदहरूले राजस्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण र कर छलिबारे नकारात्मक धारणा बनिरहेको भन्दै यसका लागि नीतिगत सुधार जरुरी भएको उल्लेख गरे ।

सांसदहरूले राजस्व विभाग र सम्पत्ति शुद्धिकरणको विषयलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन भनिरहँदा निजी क्षेत्रका व्यवसायीले भने नियमनकारी निकायको दोहोरो तेहोरो दबदबा, व्यवसायीलाई प्रोत्साहन गर्ने कानुनअभाव जस्ता गुनासा पोखे । जवाफमा सांसदहरूले दुबै विभागका कामलाई चुस्त र प्रभावकारी बनाउन एवं व्यवसायमैत्री वातावरण बनाउन सरकार र निजी क्षेत्र दुबैको प्रभावकारी समन्वय तथा सहकार्य जरुरी भएको औँल्याए ।

समितिका सदस्य एवं नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राजस्व चुहावट नियन्त्रण गर्न र दुबै विभागको कामलाई प्रभावकारी बनाउन समयानुकूल कानुन निर्माण जरुरी भएको बताए । नेकपा (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभागको कामलाई प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए ।

नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले कानुनी त्रुटि सुधारेर विभागका कामलाई पारदर्शी र प्रभावकारी बनाइनुपर्ने धारणा राखे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले उद्योगी व्यवसायमैत्री वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने खाँचो औँल्याए ।

सांसदहरू दिलेन्द्रप्रसाद बडू, रघुजी पन्त, चन्दा कार्की, सर्वेन्द्रनाथ शुक्ला, राजेन्द्रप्रसाद पाण्डे, सरिता प्रसाइँ, अम्बिका बस्नेत, दुर्गा राई, बुद्धिमान तामाङलगायतले अर्थतन्त्रलाई गतिशील बनाउन कानुनी सुधार गर्दै लगानीमैत्री वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक मुद्दामा सबै राजनीतिक दल एकताबद्ध हुनुपर्ने र समग्र अर्थतन्त्रमा निजी क्षेत्रलाई विश्वासको वातावरण बढाउनेतर्फ ध्यान दिनुपर्ने सुझाव दिए । उनले निजी क्षेत्र प्रोत्साहित हुने नीतिगत र संरचनागत सुधार जरुरी भएको उल्लेख गरे ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले नियमनकारी निकायको बुब्लिकेसनले उद्योगी व्यवसायी र जनताले समस्या भोगिरहेको उल्लेख गर्दै सम्पत्ति शुद्धीकरणको विषय अलग-अलग निकायले हेर्नुपर्ने धारणा राखे ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले राजस्व परिचालन सही नहुँदा निर्माण व्यावसायको काममा ढिलासुस्ती भएको दाबी गरे । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले धेरै नियमनकारी निकाय हुँदा उद्योगी व्यवसायी समस्यामा पर्नेगरेको भन्दै एकद्वार प्रणालीबाट सेवा प्रवाह हुनुपर्नेमा जोड दिए ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाले राजस्व चुहावट नियन्त्रण, अनुसन्धानलाई विश्वसनीय र वस्तुपरक बनाउन विभाग सक्रिय ढंगले लागेको बताए । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक पुष्पराज शाहीले आर्थिक सुशासन कायम गर्न विभागले सक्रिय रूपमा काम गरिरहेको बताए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका सचिव लीलादेवी गडतौलाले निजी क्षेत्रमैत्री कानुन निर्माणलाई जोड दिएको बताए । उनले सम्पत्ति शुद्धीकरण र राजस्व विभागलाई निजी क्षेत्रमैत्री बनाएर आर्थिक सुशासन प्रवर्द्धनका लागि सहजीकरण गरिएको उल्लेख गरे ।

समितिका सभापति रामहरि खतिवडाले उद्योगी व्यवसायीमैत्री कानुन निर्माण र सेवा प्रवाहका सन्दर्भमा निजी क्षेत्रले भोगेका समस्या तथा समाधानका लागि सरकारी निकायले गरिरहेका पहलका विषयमा समितिले सम्बद्ध पक्षसँग छलफल गरेको बताए । उपयुक्त विषयमा पुनः छलफल गरेर समितिले सरकारलाई आवश्यक निर्देशन दिने उनले उल्लेख गरे । सभापति खतिवडाले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागले व्यवसायमैत्री वातावरणका साथ आफ्ना काम कारबाही अगाडि बढाउन आग्रह गरे ।

यसैबीच समितिको बैठकमा चन्दा कार्कीले ‘जब पर्‍यो राति अनि बुढी ताती’ भन्ने शब्द प्रयोग गरेपछि सांसद इन्दिरादेवी न्यौपानेले उक्त शब्द रेकर्डबाट हटाउन माग गरेकी थिइन् । लगत्तै सभापति खतिवडाले उक्त शब्द रेकर्डबाट हटाइएको जानकारी दिए ।

# मुद्दति निक्षेपमा १४ करोड लगानी गर्दै राष्ट्र बैंक

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल राष्ट्र बैंकले २०८० चैत २ गतेदेखि २०८१ चैत १ गतेसम्म मुद्दति निक्षेपमा १४ करोड रूपैयाँ लगानी गर्ने भएको छ । बैंकले बैंक तथा वित्तीय संस्थाको मुद्दति निक्षेपमा आफ्नो पेन्सन कोषमा रहेको रकम लगानी गर्न लागिएको जनाएको छ ।

उक्त मुद्दति निक्षेपमा भाग लिन चाहने बैंक तथा वित्तीय संस्थाले फागुन १८ गते राती ७ बजेभित्र आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत खुलाएर आवेदन पेश गर्नुपर्नेछ ।

राष्ट्र बैंकले ‘क’ वर्गका वाणिज्य बैंकमा ११ करोड २० लाख रूपैयाँ, ‘ख’ वर्गका विकास बैंकमा २ करोड १० लाख रूपैयाँ र ‘ग’ वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीहरूमा ७० लाख रूपैयाँ लगानी गर्न लागेको हो । आवेदन दिनका लागि बैंक तथा वित्तीय संस्थाको निस्क्रिय कर्जा अर्थात कुल कर्जा सापटको ५ प्रतिशत भन्दा कम भएको हुनुपर्नेछ बैंकले जनाएको छ। बैंकका अनुसार रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमा भन्दा बढी नभएको हुनुपर्ने, कर्जा निक्षेप अनुपात राष्ट्र बैंकले तोकेको सीमाभित्र हुनुपर्ने लगायतका शर्त केन्द्रीय बैंकले तोकेको छ ।



## निगम सुधारबारेको प्रतिवेदन बुझाइयो

**काठमाडौं (प्रस)** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीलाई नेपाल वायुसेवा निगम सुधारबारेको ‘प्रतिवेदनमाथिको प्रतिवेदन’ बुझाइएको छ ।

निगम सुधारका लागि भन्दै पूर्वगर्भनर दिपेन्द्रबहादुर क्षेत्री नेतृत्व टोलीले बनाएको प्रतिवेदनमाथि अध्ययन तथा कार्यान्वयन सिफारिस गर्न भन्दै बनाइएको पूर्वक्याप्टेन कुलबहादुर लिम्बू नेतृत्वको सिफारिस समितिले बिहीबार मन्त्री किराँतीलाई प्रतिवेदन बुझाएको हो ।

मन्त्री किराँतीसहित मन्त्रालयका सचिव दिपक काफ्ले र नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवाराज अधिकारीलाई संयुक्त रूपमा समितिले बुझाएको प्रतिवेदनमा आन्तरिक लेखा परीक्षण प्रभावकारी बनाउने, सञ्चालक समितिको निर्णय र निगम सुशासन प्रभावकारी बनाउन लेखा समिति बनाउने, तेस्रोमा निगमलाई आर्थिक रूपले प्रभावकारी बनाउन सोल्टी होटलको सेयर बिक्री गर्ने र निगमको यथार्थपरक व्यावसायिक कार्ययोजना बनाउन प्रतिवेदनमा दिइएको सुझावलाई प्रभावकारी कार्यन्वयन हुनुपर्ने उल्लेख छ ।

# नेप्से परिसूचकमा उच्च अंकको गिरावट

**काठमाडौं (प्रस)** – धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक साताको अन्तिम कारोबार दिन बिहीबार पनि उच्च अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलव ६८ अंकले ओरालो लागेर एक हजार नौ सय ७२ दशमलव शून्य नौ मा सिमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक चार दशमलव ७९ अंकले ओरालो लागेर तीन सय ५१ दशमलव ६५ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूह नै ओरालो लागेको हो । कूल ७४ लाख ४६ हजार नौ सय ९१ कित्ता शेयर रू दुई अर्ब ५९ करोड ८७ लाख ३७ हजार दुई सय २८ मूल्यमा कारोबार भएको छ ।

कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ । सो कम्पनीको रू ११ करोड १३ लाख १० हजार तीन सय ४६ बराबरको कारोबार भएको छ । जोशी हाइड्रोपावर रू १० करोड १४ लाख ३३ हजार चार सय ५५, हिमालयन रिइन्स्योरेन्स रू आठ करोड तीन लाख ३५ हजार, हाथवे इन्भेस्टमेन्ट रू छ केड ५९ लाख ९१ हजार छ सय ९६ र शिवम् सिमेन्ट रू पाँच करोड २१ लाख १२ हजार आठ सय ७० बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

# ग्लोबलका ३५ शाखाको एकैपटक वित्तीय साक्षरता कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं** – ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वित्तीय पहूँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरू पहिचान गरी बैंकका सातवटै प्रदेशमा रहेका ३५ वटा शाखाद्वारा एकसाथ वित्तीय साक्षरता कार्यक्रम संचालन गरेको छ ।

कार्यक्रममा कृषक, लघु, साना तथा मझौला उद्यमीहरू, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीहरूको सहभागिता रहेको थियो । मुलुकका विभिन्न जिल्लाका ३५ स्थानमा सञ्चालित कार्यक्रममा ४,००० भन्दा बढि मानिसहरूलाई बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्ग, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरू, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

Global IME Bank

**वित्तीय साक्षरता/डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यक्रम**

बैंकले बागमती प्रदेशको भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, रसुवा जिल्लाको गोसाइकुण्ड गाँउपालिका, काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका र ललितपुर जिल्लाको ललितपुर महानगरपालिकामा आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा ७०० भन्दा बढि व्यक्तिहरूको सहभागिता रहेको थियो । त्यसैगरी, गण्डकी प्रदेशअन्तर्गत बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका, बागलुङ नगरपालिका, जैमिनि नगरपालिका, पर्वत जिल्लाको कुस्मा नगरपालिका र कास्की जिल्लाको पोखरा महानगरपालिकाको कार्यक्रममा ९०० भन्दा बढि स्थानीयहरूको सहभागिता रहेको थियो ।

लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तुको कपिलवस्तु नगरपालिका, बाणगंङ्गा नगरपालिका, शिवराज नगरपालिका, दाङ जिल्लाको घोराही उपमहानगरपालिका, गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका, इस्मा गाँउपालिका, नवलपरासी जिल्लाको बर्दघाट नगरपालिका, पाल्पा जिल्लाको तानसेन नगरपालिका, प्युठान जिल्लाको प्युठान नगरपालिका, रोल्पा जिल्लाको परिवर्तन गाँउपालिका, सुनिलस्मृति गाँउपालिका, रूपन्देही जिल्लाको सैनामैना नगरपालिका, बुटवल उपमहानगरपालिका र तिलोत्तमा नगरपालिकामा आयोजित कार्यक्रममा १,८०० भन्दा बढिको सहभागिता रहेको थियो ।

साथै, सुदूरपश्चिम प्रदेशअन्तर्गत डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका, बोगटान फुड्सिल गाँउपालिका, पूर्वीचौकी गाँउपालिका, बाजुरा जिल्लाको बढिमालिका नगरपालिका, बैतडी जिल्लाको दशरथचन्द नगरपालिका, पाटन नगरपालिका, डडेल्धुरा जिल्लाको अजयमेरु गाँउपालिका, कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिका र कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकाको कार्यक्रममा ७५० भन्दा बढि लक्षितवर्गहरूको सहभागिता थियो । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५५ शाखा कार्यालय, ३७८ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/११/१८ गते)

श्रीदत्त पौडेलको नाति लिलाधर पौडेलको छोरा हिमावती पौडेलको पति चितवन जिल्ला कालिका न.पा. वडा नं ०७ बस्ने हरिश्चन्द्ध पौडेलको मिति २०८०/०५/१४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको खोलेसिमल शाखामा रहेको बचत खाता नं. १५८००६४९५७८००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय खोलेसिमल शाखामा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि

शाखा कार्यालय खोलेसिमल फोन नं. ०५६-४१३००४



नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. ब्रम्हपुरी वार्ड न. ६ हाल ब्रम्हपुरी गा.पा. वार्ड नं. २ मा बस्ने **गिता देवी** लाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. सर्लाही साविक गा.वि.स. ब्रम्हपुरी वार्ड नं. ६ हाल ब्रम्हपुरी गा.पा. वार्ड नं. २ मा बस्ने गिता देवी को नाममा दर्ता कायम रहेको जि.स. गा. वि. नौकेल्वा वार्ड नं (क) कि.नं ९९ र ९७ को क्रमश ज. वि. ०-६-८ र ०-१७-१७१।२ जग्गाको मोही फौदार साह रही निजको छोरा जि सर्लाही, साविक गा.वि.स. नोकल्या वार्ड नं. २ हाल ब्रम्हपुरी गा.पा. वार्ड नं. ५ मा बस्ने प्रमोद साह ले उक्त जग्गाको मोही नामसारी तथा जग्गा बांडफाड गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/११/१४ गतेको आदेशानुसार ज.ध. गिता देवीको नाउँमा हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होता । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी र जग्गा वाडफाडको तर्फको कार्यवाही में जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।



**जापानमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **ASIA AGRI COOPERATIVE SOCIETY**

पूर्व स्वीकृति मिति २०८०/११/१५ LT. No. 300712 चलानी नं. ६०२१५६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trainee Workers (Strawberry Farm) | 1 | 0 | 154863 | १,३६,९२० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **VISION STAGE COOPERATIVE ASSOCIATION**

पूर्व स्वीकृति मिति २०८०/११/१६ LT. No. 300711 चलानी नं. ६०२१५६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trainee/Intern | 0 | 2 | 152550 | १,३४,८७५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २५ गते (8th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**

श्रम ईजाजत नं. १४४/०५६/०५७

Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ